वार्षिक प्रगति प्रतिवेदन

२०७५।७६



महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

नेपाल

प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरु

उप-महालेखापरीक्षक श्री बाबुराम गौतम

नायब महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल

निर्देशक श्री नारायणप्रसाद पराजुली

निर्देशक श्री नेत्रप्रसाद पौडेल

लेखापरीक्षण अधिकारी श्री नृपराज जोशी

लेखापरीक्षण अधिकारी श्री भिमप्रसाद रिजाल

लेखापरीक्षण अधिकारी श्री दिपकबहादुर सिंह

कम्प्युटर विशेषज्ञ श्री विष्णुगोपाल डंगोल

मन्तव्य

सर्वोच्च लेखापरीक्षण संस्थाको प्रचलित मान्यतालाई आत्मसात गर्दै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम आर्थिक वर्ष २०७५/७६ मा महालेखापरीक्षकको कार्यालयले सम्पादन गरेका व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति जानकारी गराउने अभिप्रायले यो प्रगति प्रतिवेदन सार्वजनिक गरिएको छ । प्रतिवेदनमा समावेश भएका सूचना एवं जानकारी सबैमा उपयोगी हुने नै छ।

प्रतिवेदन तयारीमा संलग्न र सहयोग पुऱ्याउने सबैमा धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

२०७६ असोज

विषय-सूची

क्र.सं.	विषयवस्तु	पृष्ठ
१	पृष्ठभूमि	१
२	संविधान प्रदत्त अधिकार र कर्तव्य	३
३	लेखापरीक्षणमान र कार्यपद्धति	४
४	मानव संसाधन	७
५	आन्तरिक व्यवस्थापन	८
६	आय-व्ययको स्थिति	१२
७	अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग	१४
८	राष्ट्रिय तालिम, सेमिनार, गोष्ठीमा सहभागिता	१५
९	बाह्य सरोकार पक्षसँगको सम्बन्ध	१६
१०	नतिजा	१७
११	भावी कार्यदिशा	२३
१२	सुधारका क्षेत्रहरु	२९
तालिका		
१	कर्मचारी दरबन्दी र पदपूर्ति विवरण	४६
२	नयाँ नियुक्ति भएका कर्मचारीहरुको विवरण	४७
३	बढुवा भएका कर्मचारीहरुको विवरण	५०
४	सेवा निवृत्त भएका कर्मचारीहरुको विवरण	५१
५	सरुवा भई आएका/गएका कर्मचारीहरुको विवरण	५२
६	आर्थिक वर्ष २०७५।७६ को वार्षिक आर्थिक विवरण (२०८०११३ चालु)	५३
७	आर्थिक वर्ष २०७५।७६ को वार्षिक आर्थिक विवरण (२०८००१३ चालु)	५४
८	आर्थिक वर्ष २०७५।७६ को वार्षिक आर्थिक विवरणहरु (२०८०११४ पुँजीगत)	५५
९	आर्थिक वर्ष २०७५।७६ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५१२०३ चालु)	५६
१०	आर्थिक वर्ष २०७५।७६ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५१२०४ पुँजीगत)	५७
११	आर्थिक वर्ष २०७५।७६ को राजस्वको वार्षिक आर्थिक विवरण	५८
१२	आर्थिक वर्ष २०७५।७६ को धरौटीको आर्थिक विवरण	५९

१. पृष्ठभूमि

१.१ **कार्यालय परिचयः** नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा २०१६ सालमा स्थापना भएको हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । कार्यालयले वित्तीय, कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण गर्दै आएको छ । महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्रीमार्फत व्यवस्थापिका-संसद समक्ष पेस भई व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ ।

१.२ सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards of Supreme Audit Institution - ISSAI) २० र २१ मा व्यवस्था भएको पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरी आर्थिक वर्ष २०७५।७६ मा महालेखापरीक्षकको कार्यालयबाट सम्पादित कामलाई सरोकारवालाहरु समक्ष जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१.३ **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयले निम्नबमोजिम दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरु निर्धारण गरेको छः

- **दूरदृष्टि (Vision):** जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
- **गन्तव्य (Mission):** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र कार्यरत कर्मचारीहरुलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फ अग्रसर गराउन निम्न मूल्य मान्यताहरुलाई अङ्गीकार गरिएको छः
  - ***स्वतन्त्रताः*** व्यावसायिक विवेकको प्रयोगमा नकारात्मक प्रभाव पार्ने तत्वहरुसँग सम्झौता नगरी, स्वार्थगत विवादबाट टाढा रही निजी स्वार्थ र डर धम्कीबाट मुक्त रही, निष्पक्ष भई लेखापरीक्षण निष्कर्ष निकाल्ने, व्यहोरा औंल्याउने, लेखापरीक्षण राय व्यक्त गर्ने ।
  - ***निष्ठाः*** लेखापरीक्षणमा निजी वा बाह्य पक्षको स्वार्थबाट प्रभावित नभई इमान्दारिता, स्वच्छता, वस्तुपरकता र सत्यता प्रदर्शन गर्दै लेखापरीक्षण गराउने निकायसँग व्यवहार गर्दा पेशागत निष्ठा प्रस्तुत गर्ने।
  - ***पारदर्शिताः*** पक्षपातरहित रायको प्रस्तुतीकरण, लेखापरीक्षणमानको निरन्तर प्रयोग, अन्तर्राष्ट्रिय उत्कृष्ट प्रचलनको अवलम्बन, सूचना, तथ्याङ्क सङ्कलन र विश्लेषणमा व्यवस्थित पद्धतिको अङ्गीकार र निश्चित आधारमा लेखापरीक्षण नतिजा मूल्याङ्कन गरी सम्पादित कार्यको पारदर्शिता कायम राख्ने र लेखापरीक्षण सेवा प्रदान गर्दा गुणस्तर सुनिश्चित गर्ने ।

- ***व्यावसायिकता:*** व्यावसायिक र दक्ष जनशक्तिमार्फत गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न कर्मचारीको सेवा प्रवेशपछि शिक्षा र तालिमको साथसाथै निरन्तर सीप विकास गर्ने र स्वाध्ययनलाई निरन्तरता दिने।
- ***जवाफदेहिता:*** लेखापरीक्षण पेशा र आम नागरिकप्रतिको जिम्मेवारी स्वीकार गर्दै जनताको सामूहिक हितको लागि सार्वजनिक स्रोतको उचित प्रयोग एवं संरक्षणतर्फ ध्यान केन्द्रित गरी कानुनको परिधिभित्र रही जनताको अपेक्षा पूरा गर्न जवाफदेही रहने ।

१.४ कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न तय गरिएको रणनैतिक लक्ष्य र उद्देश्य

दूरदृष्टि

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था

गन्तव्य

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

मूल्य मान्यता

- निष्ठा
- स्वतन्त्रता
- व्यावसायिकता
- पारदर्शिता
- जवाफदेहिता

रणनैतिक लक्ष्य

१	२	३	४	५
लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्ने	**स्वतन्त्रता र क्षेत्राधिकार सुदृढ गर्ने**	सांगठनिक क्षमता विकास गर्ने	बाह्य सरोकारवालाहरुसँग पेशागत सम्बन्ध अभिवृद्धि गर्ने	आन्तरिक शासन अभिवृद्धि गर्ने
रणनैतिक उद्देश्य १.१ सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय मानदण्डसँग आवद्ध लेखापरीक्षण पद्धतिको कार्यान्वयन गर्ने १.२ गुणस्तर आश्वस्तता पुनरावलोकन सुदृढ गर्ने १.३ अनुगमन परीक्षण सुदृढ बनाउने	**रणनैतिक उद्देश्य** २.१ वित्तीय स्वायत्तता हासिल गर्ने २.२ प्रशासनिक स्वायत्तता हासिल गर्ने २.३ लेखापरीक्षणका क्षेत्राधिकार सुदृढ गर्ने	**रणनैतिक उद्देश्य** ३.१ मानव संसाधन विकास रणनीति तयार एवं कार्यान्वयन गर्ने ३.२ संघीय संरचना र विस्तारित लेखापरीक्षणको क्षेत्राधिकारलाई सम्बोधन गर्न सांगठनिक रणनीतिको पुनर्संरचना गर्ने	**रणनैतिक उद्देश्य** ४.१ सूचना प्रविधि उपयोग गरी नियमित तथा प्रभावकारी सञ्चारलाई सुनिश्चित गर्ने ४.२ सञ्चार जगत तथा सर्वसाधारणसँगको अन्तरक्रियामा सुधार गर्ने ४.३ सार्वजनिक लेखा समितिसँग प्रभावकारी सम्बन्ध स्थापित गर्ने ४.४ लेखापरीक्षण गरिने निकाय एवं पेशागत संगठनहरुसँगको सम्बन्ध सुदृढ गरने	**रणनैतिक उद्देश्य** ५.१ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने ५.२ आचारसंहिताको पालना सुनिश्चित गर्ने ५.३ कार्य सञ्चालन योजना मार्फत रणनीति कार्यान्वयन गर्ने

१.५ **संगठन संरचनाः** महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी संगठन संरचना स्वीकृत गरी लागू गरिएको छ । जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रुपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने नीतिगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ । यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ । महालेखापरीक्षकको मातहतमा संगठन विकास तथा व्यवस्थापन, आर्थिक तथा सामाजिक सेवा, पूर्वाधार विकास र संवैधानिक निकाय, सुरक्षा तथा स्थानीय विकास महाशाखा हेर्ने गरी चार उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र महाशाखाअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १४ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ । महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी ३७ निर्देशनालयहरुको व्यवस्था गरिएको छ । निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरु रहेका छन् । प्रदेश एवं स्थानीय तहको लेखापरीक्षण गर्नुपर्ने जिम्मेवारी समेतलाई मध्यनजर गरी प्रदेशस्तरमा कार्यालय स्थापना गर्न नेपाल सरकारबाट मिति २०७५।३।३२ मा स्वीकृत प्राप्त भएको छ । आगामी वर्ष प्रदेशस्तरसम्म कार्यालय विस्तार गर्ने कार्यक्रम रहेको छ ।

२. संविधान प्रदत्त अधिकार र कर्तव्य

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएअनुसार कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरुको बारेमा व्यवस्था गरेको छ । लेखापरीक्षण ऐनमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ ।

संविधान एवं कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्रभित्र देहायबमोजिमको लेखापरीक्षण गर्ने, परामर्श दिने र निर्देशन दिनेसम्बन्धी कार्य पर्दछन्:

- सर्वोच्च अदालत, व्यवस्थापिका-संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय र सरकारी कार्यालयहरुको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समिति एवं स्थानीय निकायहरुको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरुको लेखापरीक्षण,
- नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श,

- लेखासम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र
- लेखाव्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई निर्देशन ।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ । उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरुको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य भई आएको छ ।

३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागू गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयबाट सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षण निर्देशिकाहरु तयार गरी लागू गरिएको छ ।

३.१ **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards for Supreme Audit Institutions - ISSAI) को आधारमा लेखापरीक्षण मार्गदर्शन तयार गरी लागू गरिएको छ ।

३.२ **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षणको क्षेत्र, पद्धति, तरिका र समय निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण सञ्चालन गर्नु अघि वार्षिक कार्ययोजना तयार गरी मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत/सचिवलाई जानकारी दिने गरेको छ । उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरुले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरुको इकाईगत लेखापरीक्षण योजना तयार गरिन्छ । हरेक वर्ष निश्चित आधारहरु जस्तै कारोबारको परिमाण, प्रकृति, भौगोलिक क्षेत्र आदि पक्षलाई विचार गरी विभिन्न मन्त्रालयमातहत जिल्लामा कार्यसञ्चालन स्तरका कार्यालयहरुको समेत लेखापरीक्षण स्थलगत रुपमा लेखापरीक्षण टोली खटाई सम्पन्न गरिन्छ ।

लेखापरीक्षण मानदण्ड र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ । लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई स्थलगत रुपमै उपलब्ध गराई सोको एक/एक प्रति तालुक मन्त्रालय, विभाग र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइन्छ । सम्पादित लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ ।

३.३ **लेखापरीक्षण कार्यविधिः** आर्थिक वर्ष २०७५।७६ मा वार्षिक योजना र कार्यक्रमको अधीनमा रही ४९८५ सरकारी कार्यालय र ६ महानगरपालिकासहित ७४७ स्थानीय तहको स्थलगत रुपमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण

तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अवलम्बन गरी विस्तृत, संक्षिप्त र आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूहलगायत सरोकारवालालाई समेत सहभागी बनाई छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

३.४ निर्देशिका तथा मार्गदर्शन तर्जुमा

- **सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०:** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरुको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी कार्यान्वयनमा ल्याइएको "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" पालनाको अनुगमन समितिबाट अनुगमन हुने गरेको छ ।

- **वित्तीय लेखापरीक्षण मार्गदर्शनः** कार्यालयले कार्यान्वयनमा ल्याएको सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शनलाई सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डको आधारमा सुधार गर्न वित्तीय लेखापरीक्षण मार्गदर्शन २०७३ तयार गरी लागू गरिएकोले कार्यालयको वित्तीय लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ ।

- **आन्तरिक नियन्त्रण निर्देशिकाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ को व्यवस्थाअनुसार आन्तरिक नियन्त्रण कार्यविधि, २०७१ तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

३.५ लेखापरीक्षण व्यवस्थापन

- **कार्यमूलक लेखापरीक्षणः** यो वर्ष २२ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, ३ विषयको सूचना प्रविधि र २ विषयको विशेष लेखापरीक्षण सम्पन्न भएको छ ।

- **संगठित संस्थाको लेखापरीक्षणः** लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न नियुक्त बाह्य लेखापरीक्षक तथा कार्यालयको जनशक्तिबाट लेखापरीक्षण सम्पन्न गरी यस वर्ष ४२ संस्थाको ६५ आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन जारी भएका छन् । यस वर्ष ५ संस्थाको ३१ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहेको छ । आर्थिक वर्ष २०७५।७६ मा ४० इकाईको लेखापरीक्षण सम्पन्न गर्न ५० लेखापरीक्षकलाई सहायकको रुपमा नियुक्त गरिएको छ । त्यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा (११) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएको संस्थामध्ये २५ संस्थाको २६ आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्तिको परामर्श उपलब्ध गराइएको छ । प्रतिवेदन अवधिमा कार्यालयको जनशक्तिबाट ५ संस्थाको लेखापरीक्षण सम्पन्न भएको छ ।

- **अन्तर्राष्ट्रिय संस्थाको लेखापरीक्षणः** काठमाडौंस्थित सार्क सचिवालय (SAARC Secreteriat) लगायत ४ मुलुकहरुमा रहेका सार्क केन्द्र र परिषद्हरुको सन् २०१८ को अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ ।

- **लेखापरीक्षणको अन्तिम प्रतिवेदनः** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरी आएको छ । गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरुको अन्तिम प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ । यो वर्ष सञ्चित कोष समेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

- **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ । केन्द्रीय निकायबाट पेस भएका ३९ केन्द्रीय आर्थिक विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन दिइएको छ । संगठित संस्थातर्फ विगत र यो वर्षको समेत ४२ संस्थाको ६५ आर्थिक वर्षको कैफियत सहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **आयोजना हिसाबको लेखापरीक्षणः** नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ७१ आयोजनाको आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा ६९ आयोजनाको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ ३३, एसियाली विकास बैङ्कतर्फ ३१ र अन्य दातृ/राष्ट्र र निकायतर्फ ५ रहेको छ । यो वर्ष २ आयोजनाहरुले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् ।

- **सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण उपर रायः** यो वर्ष नेपाल सरकारका ३१ निकायबाट नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरुप वित्तीय विवरण पेस भएकोले सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको वित्तीय विवरण उपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजू आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फछ्यौंट गरी स्थलगत रुपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र माघ महिनापछि यस कार्यालयमा अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको जानकारी गराउने नीति कार्यालयले लिएको थियो । तद्अनुरुप २०७५ श्रावणदेखि २०७६ आषाढ मसान्तसम्म नेपाल सरकारको कार्यालयले रु.८० अर्ब ७ करोड ५६ लाख सम्परीक्षण गराएका छन् ।

- **वार्षिक लेखापरीक्षण योजनाः** आर्थिक वर्ष २०७५।७६ को कारोबारको लेखापरीक्षण कार्य नियोजित रुपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, पद्धति, क्षेत्र, लेखापरीक्षणमा जोड दिइने विषयहरु, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरु, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, कार्यतालिका लगायतका विषयहरु समेटी वार्षिक लेखापरीक्षण योजना, २०७६ तर्जुमा गरी लागू गरिएको छ ।

- **वार्षिक कार्यतालिकाः** आर्थिक वर्ष २०७५।७६ को कारोबारको लेखापरीक्षण २०७६ श्रावणमा शुरु गरी माघसम्ममा सम्पन्न गर्ने र चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्यसहित कार्यतालिका तयार गरिएको छ । उक्त कार्यतालिका २०७६।३।३१ मा लेखाउत्तरदायी अधिकृतहरुलाई जानकारीको लागि पठाइएको थियो ।

- **समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाः** समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाको ढाँचामा परिमार्जन गरी समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाको ढाँचा, २०७६ लागू गरिएको छ । उक्त योजना मूलतः जोखिम पहिचान र मूल्याङ्कनको अवधारणामा आधारित छ ।

- **लेखापरीक्षण टोलीको लागि निर्देशनः** जिल्लामा खटिने लेखापरीक्षण टोलीको कार्यसञ्चालन सम्बन्धमा प्रवेश तथा बहिर्गमन बैठक (Entry and Exit Meeting) सम्परीक्षणलगायतका विषय समावेश गरी तयार गरिएको निर्देशनअनुरुप लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागू गरिएको लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०७४ अनुरुप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ ।

३.६ **गुणस्तर आश्वस्तताः** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिकाअनुसार २०७४।७५ मा सम्पन्न गरिएका वित्तीय लेखापरीक्षणमध्ये नमूनाको रुपमा छनौट गरी वित्तीय तथा नियमित लेखापरीक्षणतर्फ ७८, संगठित संस्थाको लेखापरीक्षणतर्फ १ र कार्यमूलक एवं सूचना प्रविधि लेखापरीक्षणतर्फ १ समेत ८० फाइलहरुको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ । लेखापरीक्षण पश्चात् गरिने गुणस्तर पुनरावलोकनबाट मात्र गुणस्तर सुनिश्चित गर्न कठिनाइ भएको महसुस गरी आर्थिक वर्ष २०७४।७५ देखि लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपूर्व नै गुणस्तर पुनरावलोकन (Pre-issuence review) गर्न शुरु गरिएको छ । पुनरावलोकनमा निकायको जानकारी, लेखापरीक्षण योजना तथा कार्यक्रम तयारी, जोखिम क्षेत्र पहिचान र सोको कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, सङ्कलित प्रमाणको अभिलेख व्यवस्थापन, नमूना छनौट प्रक्रिया, लेखापरीक्षकको कार्यविवरण तथा कार्यविधिको अभिलेखीकरण, आचारसंहिताको घोषणा तथा पालना, गुणस्तर नियन्त्रण कार्यविधिहरु, कानुन नियमहरुको पालना, लेखापरीक्षण कार्यपत्र एवं प्रतिवेदनको पुनरावलोकन, लेखापरीक्षण टोलीको सुपरिवेक्षण तथा निकायबाट प्राप्त निर्देशन तथा प्रतिक्रियाउपर कारबाही गरी अन्तिम प्रतिवेदन जारी गर्नेलगायतका क्षेत्रमा गुणस्तर आश्वस्तता मूल्याङ्कन/पुनरावलोकन गरी थप सुधारका क्षेत्रहरु पहिचान गर्ने गरिएको छ ।

४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल कानुन सेवा, नेपाल विविध सेवाका कर्मचारीहरु आवद्ध रहेका छन् । यस वर्ष कर्मचारी प्रशासन, तालिम र जनशक्ति विकासको अवस्था निम्नानुसार रहेको छः

- **दरबन्दी र पदपूर्तिः** नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७५।३।३२ मा स्वीकृत दरबन्दी विवरण अनुसार महालेखापरीक्षकको कार्यालयको स्वीकृत दरबन्दी ६१४ रहेको छ । उक्त दरबन्दीमध्ये हाल (२०७६ असारसम्ममा) ४७८ पदपूर्ति भई १२७ रिक्त रहेकोछ । कुल पदपूर्तिमध्ये ७७ (१६.१० प्रतिशत) महिला र ४०१ (८३.९० प्रतिशत) पुरुष कर्मचारी छन् । दरबन्दी एवम् पदपूर्ति सम्बन्धी विवरण तालिका १ मा दिइएको छ ।

- **नियुक्ति र पदस्थापनः** यो वर्ष लोक सेवा आयोगबाट सिफारिस भई आएका नायब महालेखापरीक्षक १, निर्देशक २, लेखापरीक्षण अधिकारी ४५, लेखापरीक्षण अधीक्षक ५० र लेखापरीक्षण निरीक्षक १ समेत ९९ कर्मचारीको नयाँ नियुक्ति एवं पदस्थापन गरिएको छ । नियुक्ति एवं पदस्थापनको विवरण तालिका २ संलग्न छ ।

- **बढुवाः** यो वर्ष उप-महालेखापरीक्षक १, नायब महालेखापरीक्षक २, निर्देशक ४, लेखापरीक्षण अधीक्षक १ र लेखापरीक्षण निरीक्षक १ समेत ९ कर्मचारी कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा भएको छ । यससम्बन्धी विवरण तालिका ३ संलग्न छ ।

- **सेवा निवृत्तः** यो वर्ष उमेर हद र राजीनामा समेतबाट उप-महालेखापरीक्षक १, नायब महालेखापरीक्षक १, निर्देशक ३, लेखापरीक्षण अधिकारी ५, शाखा अधिकृत १, लेखापरीक्षण अधीक्षक १, हलुका सवारीचालक २ र कार्यालय सहयोगी १ समेत १५ कर्मचारी सेवा निवृत्त हुनुभएको छ । यस सम्बन्धी तालिका ४ संलग्न छ ।

- **सरुवाः** यस वर्ष विभिन्न पदका ९ कर्मचारीहरु अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आएका तथा यस कार्यालयबाट पदोन्नति तथा सरुवा भै १४ कर्मचारी अन्यत्र सरुवा भई गएका छन् । यस सम्बन्धी तालिका ५ संलग्न छ ।

- **विभूषणः** सविधान दिवस तथा राष्ट्रिय दिवस २०७६ को अवसरमा २०७६।०६।०३ मा यस कार्यालयका उप-महालेखापरीक्षक श्री ईश्वर नेपालले सुप्रबल जनसेवाश्री (तृतीय श्रेणी) र निर्देशक श्री रवीन्द्रप्रसाद देवकोटाले प्रबल जनसेवाश्री (चतुर्थ श्रेणी) विभूषण प्राप्त गर्नुभएको छ ।

- **निजामती सेवा पुरस्कारः** निजामती सेवा दिवस, २०७६ को अवसरमा यस कार्यालयका नायब महालेखापरीक्षक श्री महेश्वर काफ्ले निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

- **पुरस्कारः** महालेखापरीक्षकको कार्यालयको ६१ औं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०७६।३।१५ मा यस कार्यालयका तपसिलबमोजिमका कर्मचारीहरुलाई नगद र सम्मानपत्रबाट सम्मानित हुनुभएको छ ।

    १. नायब महालेखापरीक्षक श्री जीवनप्रसाद सुवेदी
    २. निर्देशक श्री ललितबहादुर शाक्य
    ३. लेखापरीक्षण अधिकारी श्री हिरामणी निरौला
    ४. लेखापरीक्षण अधिकारी श्री सिर्जना रिमाल
    ५. लेखापरीक्षण अधिकारी श्री रामकुमार सापकोटा
    ६. लेखापरीक्षण अधीक्षक श्री विष्णु सापकोटा
    ७. हलुका सवारीचालक श्री दिलबहादुर वाइबा

५. आन्तरिक व्यवस्थापन

५.१ **महालेखापरीक्षकोको कार्यालयको ५६ औं वार्षिक प्रतिवेदन पेसः** महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले मिति २०७५।१२।२९ मा सम्माननीय राष्ट्रपति समक्ष पेस गर्नुभयो ।

५.२ **वित्तीय अनुशासन र आर्थिक प्रशासनका समसामयिक विषयमा बैठक सम्पन्नः** सम्मानित प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीको समुपस्थितिमा माननीय महालेखापरीक्षक, नेपाल सरकारका मुख्य सचिवव, संघीय संसद् सचिवालयका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारलगायत नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरुको सहभागितामा आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण योजनासम्बन्धी बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मिति २०७५।०४।१५ मा सम्पन्न भयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीले आर्थिक कारोबारमा रहेका कानुनी जटिलता र वित्तीय अनुशासनका सम्बन्धमा आफ्नो धारणा राख्दै बढ्दो बेरुजू सार्वजनिक प्रशासनमा रहेको आर्थिक अनुशासनको स्तर मापन हुने उल्लेख गर्नुभयो । सो क्रममा उहाँले समग्र मुलुकी प्रशासनको आर्थिक कारोबारमा शुद्धता, स्वच्छता र पारदर्शिता कायम गर्न राजनैतिक नेतृत्वमा स्वच्छता र पारदर्शिता हुनुपर्ने बताउनु भयो । मुलुकको समृद्धिका लागि वित्तीय अनुशासन र सेवा प्रवाहमा उल्लेख्य सुधार गर्ने विषयमा नतिजामुखी कार्य गर्न उहाँले नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरुलाई निर्देशन दिनुभयो । उहाँले

आर्थिक प्रशासन सुधार र अनुशासन कायम गर्न सचिवहरुको ध्यानाकर्षण गराउनुभयो । त्यस क्रममा सम्मानीय प्रधानमन्त्रीज्यूले सार्वजनिक निकायमा रहेका बेरुजू फर्छ्यौटमा तदारुकता देखाई आगामी दिनमा बेरुजू सिर्जना हुन नदिने अवस्था निर्माणका लागि ध्यानाकर्षण गराउनुभयो । उहाँले बेरुजूभित्र रहेको गम्भीर प्रकृतिका भष्ट्राचारजन्य क्रियाकलाप पहिचान गरी कारबाही गर्न तथा महालेखापरीक्षकको प्रतिवेदन कार्यान्वयनमार्फत जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई फछ्यौंट गर्न निर्देशन दिनुभयो ।

उक्त अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदनले औंल्याएका प्रमुख व्यहोरा प्रस्तुत गर्दै मुलुकको वित्तीय अनुशासनको विद्यमान स्थितिमा सुधार गरी नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्नुपर्ने धारणा राख्नुभयो । त्यसैगरी उहाँले विकास निर्माण, राजस्व आम्दानी र खर्च, सेवा प्रवाहलगायत वित्तीय प्रशासनका विविध पक्षमा देखिएका कमजोरीको सुधारका लागि महालेखापरीक्षकको प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो । उहाँले गुणस्तरीय लेखापरीक्षण सेवामार्फत सार्वजनिक कोषको संरक्षण र उपयोग तथा बदलिदो परिवेशमा ''समृद्ध नेपाल, सुखी नेपाली'' को मूल नारा हासिल गर्न नेपाल सरकारको लक्ष्यलाई टेवा पुऱ्याउने कार्यमा महालेखापरीक्षकको तर्फबाट सहयोगी भूमिका रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

५.३ **लेखा उत्तरदायी अधिकृतहरुसँग छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दगाल र संघीय सरकारका सचिव (लेखाउत्तरदायी अधिकृत) हरुबीच आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण, सोको दायरामा समावेश गर्नुपर्ने सम्भावित मुख्य विषयहरु तथा समग्र वित्तीय अनुशासनलगायतका विषयमा ३१ जेष्ठ २०७६ मा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल सम्पन्न भयो । उक्त छलफलमा महालेखा नियन्त्रक, विभिन्न मन्त्रालयका प्रतिनिधि र महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो ।

छलफलमा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको वार्षिक, समष्टिगत र इकाईगत लेखापरीक्षण योजनाको तर्जुमादेखि प्रतिवेदन चरणसम्म सरोकारवालाको सहभागिता अभिवृद्धि गरी लेखाउत्तरदायी अधिकृतसहित सम्बन्धित पदाधिकारीको जिम्मेवारी र जवाफदेहितामा अभिवृद्धि गराउने नीति कार्यालयको रहेको बताउनुभयो । सो क्रममा उहाँले लेखापरीक्षण प्रतिवेदनको गुणस्तरीयता, प्रभावकारिता तथा विश्वसनीयतामा अभिवृद्धि हुने तथा आफू र अन्तर्गतका निकायबाट सम्पादित कार्य र सेवा प्रवाहप्रतिको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सम्बन्धित निकाय थप अग्रसर हुने अपेक्षा गर्नुभयो ।

५.४ **लेखापरीक्षण अन्तरक्रिया तथा छलफलः** सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, प्रदेश नं.५, गण्डकी प्रदेश, प्रदेश नं.३, प्रदेश नं.१ र प्रदेश नं.२ का माननीय मुख्यमन्त्रीको प्रमुख आतिथ्यता र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा सम्बन्धित प्रदेशहरुमा लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रदेश प्रमुख सचिव, प्रदेश सचिवहरु, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका प्रमुख, जिल्लास्थित सरकारी निकायका प्रमुख, लेखा प्रमुख, पत्रकार र नागरिक समाजका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा लेखापरीक्षणको क्षेत्र, उद्देश्य र पद्धतिबारे कार्यालयका उप-महालेखापरीक्षक, प्रदेशको लेखा, लेखापरीक्षण र समसामयिक विषयमा प्रदेशका प्रमुख सचिव र जिल्लाको समग्र सेवा प्रवाह स्थितिबारे सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले प्रस्तुतीकरण गर्नुभएको थियो । त्यसैगरी जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुखले जिल्लास्थित स्थानीय तहको कार्यसम्पादन अवस्था, देखिएका समस्या र सुधारका पक्षबारे आफ्नो भनाइ राख्नुभएको थियो । त्यस क्रममा लेखा, लेखापरीक्षण, बेरुजू, सम्परीक्षणका विविध विषयमा सहभागीले आफ्नो जिज्ञासा राखेका थिए ।

कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षकज्यूले सहभागीको तर्फबाट प्रस्तुत जिज्ञासाको सम्बोधन गर्दै बेरुजू नहुने गरी कानुनले तोकेको परिधिभित्र बसी तोकिएको जिम्मेवारी र जवाफदेहिता

निर्वाह गर्नेतर्फ सहभागीहरुको ध्यानाकर्षण गराउनुभयो । मन्तव्यको क्रममा उहाँले लेखापरीक्षणबाट देखिने गरेका व्यहोराहरुको बारेमा संक्षिप्त जानकारी गराउँदै जिल्लामा भइरहेको स्थलगत लेखापरीक्षण कार्यमा सम्बन्धित सबैको सहयोगको अपेक्षा गर्नुभयो ।

सो क्रममा महालेखापरीक्षकज्यूले संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था, प्रतिवेदन प्रणाली, वित्तीय जवाफदेहितालगायतका विषयमा आफ्नो भनाइ राख्नुभएको थियो । सो क्रममा उहाँले सम्बन्धित प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेश सभाका सभामुखलगायतका पदाधिकारीसँग छुट्टाछुट्टै भेटघाट गर्नुभएको थियो ।

५.५ **सम्पर्क व्यक्ति (Focal Point):** २०७५।७६ मा सम्बन्धित निकायसँग समन्वय गरी कार्यसम्पादन गर्नका लागि निम्न कर्मचारीहरुलाई सम्पर्क व्यक्तिको रुपमा तोकिएको थियोः

क्र.सं.	पद, नाम	तोकिएको मिति	विषय	प्रमुख कार्य
१	नायब म.ले.प. श्री विष्णुप्रसाद रिजाल	२०७५।४।३१	प्रवक्ता, सूचना अधिकारी	
२	निर्देशक श्री नारायणप्रसाद पराजुली	२०७४।१।१४	सहायक सूचना अधिकारी	सूचना सङ्कलन एवं सोको अभिलेख राख्ने
३	निर्देशक श्री नेत्रप्रसाद पौडेल	२०७५।४।२१	सहायक प्रवक्ता	सूचना सङ्कलन र सोको अभिलेख राख्ने
३	ले.प. अधिकारी श्री लेखबहादुर थापा		सरकारी पोर्टल	सरकारी सूचना पोर्टलमा अद्यावधिक गर्ने

५.६ **लेखापरीक्षण नियमावली मस्यौदा समिति गठनः** लेखापरीक्षण ऐन, २०७५ को दफा २८ बमोजिम लेखापरीक्षण नियमावलीको मस्यौदा तयार गर्न देहायबमोजिमका पदाधिकारीहरु रहने गरी समिति गठन गरिएको छः

क्र.सं.	पदाधिकारीको नाम	पद
१	उप-महालेखापरीक्षक श्री बाबुराम गौतम	संयोजक
२	नायब महालेखापरीक्षक श्री पदमराज पौडेल	सदस्य
३	निर्देशक श्री घनश्याम पराजुली	सदस्य
४	उप-सचिव (कानुन) श्री उपेन्द्रकेशर खनाल	सदस्य
५	निर्देशक श्री शिवप्रसाद आचार्य	सदस्य
६	प्रतिनिधि, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	सदस्य
७	प्रतिनिधि, आधिकारिक ट्रेड युनियन, विभागीय कार्य समिति	सदस्य

५.७ **लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कारसम्बन्धी कार्यविधि मस्यौदा समिति गठनः** लेखापरीक्षण ऐन, २०७५ को दफा २६ बमोजिम "लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कारसम्बन्धी कार्यविधि" मस्यौदा तयार गर्न देहायबमोजिमका पदाधिकारीहरु रहने गरी एक समिति गठन गरिएको छः

क्र.सं.	पदाधिकारीको नाम	पद
१	उप-महालेखापरीक्षक श्री ईश्वर नेपाल	संयोजक
२	नायब महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	सदस्य
३	निर्देशक श्री नारायणप्रसाद पराजुली	सदस्य
४	उप-सचिव (कानुन) श्री उपेन्द्रकेशर खनाल	सदस्य
५	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य
६	प्रतिनिधि, आधिकारिक ट्रेड युनियन, विभागीय कार्य समिति	सदस्य

५.८ **लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सुविधासम्बन्धी नियमावली मस्यौदा समिति गठनः** निजामती सेवा ऐन, २०४९ को दफा ७५ बमोजिम "लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सुविधासम्बन्धी नियमावली" मस्यौदा तयार गर्न देहायबमोजिमका पदाधिकारीहरु रहने गरी एक समिति गठन गरिएको छः

क्र.सं.	पदाधिकारीको नाम	पद
१	नायब महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	संयोजक
२	निर्देशक श्री रवीन्द्रप्रसाद देवकोटा	सदस्य
३	निर्देशक श्री लक्ष्मण आचार्य	सदस्य
४	निर्देशक श्री महेश पौडेल	सदस्य
५	उप-सचिव (कानुन) श्री उपेन्द्रकेशर खनाल	सदस्य
६	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य
७	प्रतिनिधि, आधिकारिक ट्रेड युनियन, विभागीय कार्य समिति	सदस्य

५.९ **अनुगमन समिति गठनः** महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनाको कार्यान्वयन एव उपलब्धिको अनुगमन गर्न देहायबमोजिमको अनुगमन समिति २०७४।०७।२० मा गठन गरिएको छ । कार्ययोजनामा उल्लिखित विषयहरु कार्यन्वयनका लागि सूचित गर्ने मासिक रुपमा प्रगति लिने र कार्ययोजना कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याबारे महालेखापरीक्षकलाई जानकारी गराउने जिम्मेवारी सो समितिको रहेको छ ।

सि न	पदाधिकारीको नाम	पद
१	उप- महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल	संयोजक
२	नायब महालेखापरीक्षक श्री पदमराज पौडेल	सदस्य
३	निर्देशक श्री चन्द्रकान्त भण्डारी	सदस्य
४	निर्देशक श्री महेश पौडेल	सदस्य
५	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य- सचिव

५.१० **सूचना सङ्कलनः** कार्यालयबाट वर्षभर सम्पादित कामको नतिजाको रुपमा वार्षिक प्रतिवेदन तयार गर्ने गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को प्रयोजनका साथै प्रतिवेदनहरुको अभिलेखीकरण गरी संस्थागत स्मरण (Institutional Memory) कायम राख्न शुरुदेखिका वार्षिक प्रतिवेदन, लेखापरीक्षण पत्रिकालगायतका प्रकाशनहरु र कार्यालयका अन्य गतिविधिसम्बन्धी सूचनाहरु सङ्कलन कार्यलाई निरन्तरता दिइएको छ ।

५.११ **प्रकाशनः** सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन २०७५ आषाढ महिनादेखि मासिक रुपमा लेखापरीक्षण बुलेटिन प्रकाशन गर्ने कार्यको थालनी गरी यसलाई निरन्तरता दिइएको छ । सरकारी लेखा, राजस्व, लेखापरीक्षणलगायत सार्वजनिक वित्त व्यवस्थापनका सान्दर्भिक विषय तथा कार्यालय गतिविधि समेटी लेखापरीक्षण पत्रिकाको ८७ औं अङ्क २०७५ पौष महिनामा र २०७६ आषाढ महिनामा ८८ औं अङ्क प्रकाशन गरिएको छ । यसबाट वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न व्यक्ति एवं पाठकवर्गका लागि सहयोग मिल्ने अपेक्षा राखिएको छ । त्यसैगरी कार्यालयले आफ्नो आवधिक लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुन एवं कामकारबाहीलाई व्यवस्थित गर्न तेस्रो रणनीतिक योजना (२०१६-२०२०) वित्तीय लेखापरीक्षण मार्गदर्शन, कार्य सञ्चालन योजना (Operational Plan 2016-2020) र कार्यालयको सम्बन्धमा आवश्यक आधारभूत जानकारी दिने उद्देश्यले ब्रोसर तयार गरिएको छ । साथै यो वर्ष सरोकारवालाहरु कार्यालयको सम्पर्क र सम्बन्ध विस्तार गरी समाजमा कार्यालयको गरिमा बढाउनको लागि सञ्चार रणनीति स्वीकृत गरी लागू गरिएको छ ।

५.१२ **खरिदः** कार्यालयलाई आवश्यक मालसामान तथा सेवाहरु सार्वजनिक खरिद ऐन, २०६३ ले तोकेको प्रावधानअनुसार खरिद गर्न खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमद्धारा खरिद कार्य गरिएको छ ।

क्र.सं.	खरिदको किसिम	खरिद विधि	खरिद सम्झौता रकम (मू.अ.कर बाहेक)
१	मसलन्द सामान आपूर्ति	बोलपत्र	१५,४६,६८०/-
२	फोटोकपी तथा कम्प्युटर प्रिन्टरको टोनर आपूर्ति	बोलपत्र	१९,४८,५००/-
३	कर्मचारी बस सेवा	बोलपत्र	२२,६८,०००/-
४	डेस्कटप कम्प्युटर खरिद	बोलपत्र (विद्युतीय)	१०,२२,०००/-
५	ल्यापटप कम्प्युटर र प्रिन्टर खरिद	बोलपत्र (विद्युतीय)	८९,२५,०००/-
६	जिप, मोटरसाइकल र स्कुटर खरिद	बोलपत्र (विद्युतीय)	२,३०,४७,७८७/-

५.१३ **विद्युतीय सुशासन (E-Governance):** कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न निम्न विद्युतीय सुशासन प्रणाली लागू गरिएको छः

- कर्मचारीहरुको उपस्थिति, सोको अभिलेख र बिदाको प्रतिवेदन व्यवस्थापन गर्न विद्युतीय हाजिरी (E-Attendance) व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- कर्मचारीको अभिलेख अद्यावधिक गर्न निजामती किताबखानासँग गत वर्ष सम्झौता गरी सुरु भएको कर्मचारी सूचना प्रणाली (Personnel Information System) सम्बन्धी कार्य चालु रहेको छ ।
- गतविगत वर्षदेखि प्रारम्भ गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनहरुलाई विद्युतीय माध्यममा राख्ने कार्यलाई यो वर्षपनि निरन्तरता दिएको छ । लेखापरीक्षणसम्बन्धी कागजातको व्यवस्थापन विद्युतीय माध्यमबाट गराउन सफ्टवेयर निर्माण गरी प्रयोगमा ल्याइएको छ ।
- कार्यालयको जिन्सी अभिलेख विद्युतीय माध्यममा राख्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुऱ्याइएको र वेभसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरु समावेश गरिएको छ ।
- कार्यालयमा दर्ता कम्प्युटरकृत गरी लेखाङ्कन गर्ने प्रणाली सञ्चालनमा छ ।
- कार्यालयका परिपत्रहरु Electronic माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्थाको शुरुवात गरिएको छ ।

६. आय–व्ययको स्थिति

६.१ **आर्थिक कारोबारः** यस कार्यालयको २०७५।७६ को विनियोजन, राजस्व, धरौटीलगायतका आर्थिक कारोबार देहायअनुसार रहेको छः

विनियोजन



- ब.उ.शी.नं. २०८०११३ चालु खर्चतर्फ यो वर्ष रु.४६ करोड १५ लाख ८० हजार बजेट व्यवस्था भएकोमा रु.३४ करोड ११ लाख ११ हजार `खर्च भएको छ । त्यस्तै अर्थ बजेटतर्फ सञ्चित बिदाबापत रु.१ करोड १२ लाख १२ हजार र औषधि उपचारबापत रु.९२ लाख ८१ हजारसमेत कुल रु.३६ करोड १६ लाख ४ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ६ मा समावेश छ ।

- ब.उ.शी.नं. २०८००१३ चालु खर्चतर्फ यो वर्ष रु.२४ लाख बजेट व्यवस्था भएकोमा रु.२० लाख ८९ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ७ मा छ ।

- ब.उ.शी.नं. २०८०११४ पुँजीगत खर्चतर्फ यो वर्ष रु.२४ करोड ६५ लाख बजेट व्यवस्था भएकोमा रु.२ करोड ९३ लाख खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ८ मा छ ।

- ब.उ.शी.नं. ३०५१२०३ (पेफा) सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम तर्फ यो वर्ष रु.१४ करोड २४ लाख ३१ हजार बजेट व्यवस्था भएकोमा रु.६२ लाख २ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ९ मा छ ।

- ब.उ.शी.नं. ३०५१२०४ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम पुँजीगत खर्च एकीकृत आयोजना (पेफा) तर्फ यो वर्ष रु.१ करोड ६० लाख बजेट व्यवस्था भएकोमा खर्च भएको छैन । यससम्बन्धी विवरण तालिका १० मा छ ।

राजस्व

- यस वर्ष अन्य बिक्रीबाट प्राप्त, परीक्षा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व र बेरुजू समेत जम्मा ५ वटा शीर्षकमा रु.५ लाख ३८ हजार राजस्व प्राप्त गरी सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ । राजस्वको आर्थिक विवरण तालिका ११ मा छ ।

धरौटी

- गत आर्थिक वर्षसम्मको जिम्मेवारी रु.१३ लाख ६१ हजारमा यस आर्थिक वर्ष रु.१९ लाख ६० हजार प्राप्त भई रु.३३ लाख २० हजार आम्दानी भएकोमा रु.५ लाख ९८ हजार फिर्ता भई रु.२७ लाख २२ हजार बाँकी रहेकोमा एकल खाता कोष निर्देशिकाअनुरुप उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं पठाइएको छ । धरौटीको आर्थिक विवरण तालिका १२ मा छ ।

६.२ **लेखापरीक्षण र बेरुजू फछ्यौंटः** यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा लगती बेरुजू कायम भएको छैन ।

६.३ **जग्गा र भवनः** नेपाल सरकारले यो कार्यालयलाई उपलब्ध गराएको अनामनगरको जग्गामा कार्यालय भवन निर्माणको लागि ठेक्का व्यवस्था भई निर्माण कार्य भइरहेको छ ।

६.४ **कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता**

- मन्त्रिपरिषद्को निर्णयबाट यस कार्यालयमा कार्यरत कर्मचारीलाई २०७५ फागुन १ देखि २०७६ असार मसान्तसम्ममा शुरु तलबमानको अधिकतम ५० प्रतिशतसम्म विद्युतीय हाजिरीअनुसार ८० घण्टासम्म अतिरिक्त समय काम गरेबापत प्रोत्साहन भत्ता उपलब्ध गराइएको थियो ।

- **प्रोत्साहन रकम भुक्तानीः** यो वर्ष प्रोत्साहन भत्ताबापत विद्युतीय हाजिरीअनुसार ८० घण्टासम्म अतिरिक्त समय काम गरेबापतको आधारमा रु.३० लाख ६६ हजार प्रोत्साहन भत्ता भुक्तानी गरिएको छ ।

७. अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग

वैदेशिक तालिम, अध्ययन र अवलोकनः

- आर्थिक वर्ष २०७५।७६ मा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट विभिन्न मुलुकमा आयोजना भएको देहायअनुसारका तालिम, अध्ययन, अवलोकन, कार्यशालामा सहभागिता जनाउनुभएको छ ।

सि.न.	मुलुक/संस्था	कार्यक्रम	अवधि (दिन)
१	संयुक्त राज्य अमेरिका	Contribution Of Supreme Audit Institutions to SDG	९
२	संयुक्त राज्य अमेरिका	2018 Global Partners Forum of the Global Partnership for Social Accountability	२
३	भियतनाम	14nd ASOSAI Assembly, 52nd ASOSAI Governing Board Meeting	७
४	इजरायल	III EUROSAI–ASOSAI Joint Conference	५

- २०७५।७६ मा महालेखापरीक्षकको कार्यालयबाट विभिन्न मुलुकमा आयोजना भएको देहायअनुसारका तालिम, अध्ययन, अवलोकन, कार्यशालामा सहभागिता भएको छ ।

सि.नं	मुलुक/संस्था	कार्यक्रम	अवधि (दिन)	सहभागी संख्या
१	अमेरिका	Contribution Of Supreme Audit Institutions to SDG	९	२
२	थाइल्याण्ड	IDI Programme On SAI Engaging with Stakeholders	१२	१
३	भारत	142nd ITP on Financial & Regularity Audit	२७	१
४	चीन	Foreign- funded Project Auditor Capacity Building Workshop	५	२
५	चीन	2018 Asian Evalution Week (Making Evalution work at the country level)	५	१
६	भियतनाम	14th ASOSAI Assembly & 7th ASOSAI Sympuisium (State Audit Office of Vietnam-SAV) on "Environmental Audit"	७	३
७	इण्डोनेसिया	WEGA International Training on Forestry Audit	५	१
८	हङकङ	NAC Audit	८	२
९	कतार	NAC Audit	८	२
१०	संयुक्त राज्य अमेरिका	Audit of Diplomatic Mission	५	१
११	भारत	144th ITP on Audit of State owned Enterprises	२७	१
१२	रुस,, स्पेन, अष्ट्रिया	Audit of Diplomatic Mission	१९	२
१३	युएई	NAC Audit	८	२
१४	चीन, थाइल्याण्ड, अष्ट्रेलिया	Audit of Diplomatic Mission	१८	२
१५	दक्षिण अफ्रिका	SAI s Engaging with Stakeholders Program	९	१
१६	चीन	International Program for Development Evaluation Training	५	१
१७	केन्या	Eco Tourism and REDD plus Training	५	१
१८	थाइल्याण्ड	Second Joint meeting of Cooperative Audit and Research Project	३	२
१९	पाकिस्तान	The Int'l Intensive Training Program in Performance Auditing	२५	३
२०	पाराग्वे	Int'l Public sector Conference, 2019	२	१
२१	भारत	Inernational Workshop on Audit of Waste Management	८	१
२२	युएई	12th Research project on Audit implementation of SDGs	२	१
२३	अष्ट्रिया	Study Visit to Understand Accrual based IPSAS Implementation	५	१

२४	इजरायल	III EUROSAI–ASOSAI Joint Conference	५	२
२५	थाइल्याण्ड	ASOSAI Capacity devlopment program on IT Audit	५	१
२६	दक्षिण कोरिया	13th BAI Seminar	४	१
२७	थाइल्याण्ड	6th Asia Pacific SDG Programme	३	२
२८	टर्की	Panel on "Latest Approaches in Measuring the Added Value of Audit and Challenges"	२	१
२९	भियतनाम	Essentials on REDD Implementation in South East Asia	८	१
३०	कुवेत	INTOSAI Capacity Building Committee	४	१
३१	भारत	Nepal Transit and Warehouse Company Limited	५	१
३२	लाओस	Essentials on REDD Implementation in South East Asia	८	१

८. राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता

- २०७५।७६ मा महालेखापरीक्षकको कार्यालयबाट देहायअनुसारका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता भएको छ ।

सि.नं	आयोजकको नाम	कार्यक्रम	अवधि(दिन)	सहभागी संख्या
१	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Senior Executive Development Programme (SEDP)	२०७५/४/१४-१०/१४	४
२	UCEP, Nepal	Light Vechicle Mechanic (Automobile)	२०७५/५/१ देखि ६ महिना	१
३	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	अधिकृतस्तरीय सेवाकालीन तालिम	२०७५/५/१७ - २०७५/६/२४	६
४	एसियन डेभलपमेन्ट बैंक, नेपाल रेसिडेन्ट मिशन,	Capacity Bulding Workshop on Disaster Risk Financing	२०७५/६/१७	१
५	सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय, महालेखा नियन्त्रकको कार्यालय	एकीकृत वित्तीय व्यवस्थापन सुधार आयोजना कार्यान्वयनको वर्तमान अवस्था	२०७५/७/१५-१६	६
६	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	सेवाकालीन तालिम	२०७५/७/२८-२०७५/९/५	३
७	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	एसियाली विकास बैंकको सहयोगमा सञ्चालित परियोजनाहरु सम्बन्धमा वित्तीय व्यवस्थापन तालिम	२०७५/८/३	२
८	एसियन डेभलपमेन्ट बैंक, नेपाल रेसिडेन्ट मिशन,	Tripartite Portfolio Review Meeting	२०७५/०८/०७	१
९	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Gender Equality and Social Inclusion and Gender Responsive Budget	२०७५/९/३०-१०/०४	१
१०	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	सार्वजनिक खरिद सम्बन्धी अल्पकालीन तालिम	२०७५/१०/२७-११/०२	१
११	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था	लेखापरीक्षण प्रतिवेदन बारे अन्तरक्रिया कार्यक्रम	२०७५/०८/१५	१
१२	महालेखा नियन्त्रक कार्यालय	सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी राष्ट्रिय गोष्ठी	१ दिन	१
१३	World Bank Country Office	Workshop on IDA Financial Products	२०७५/१०/२८	१
१४	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Advance Course on Management	२०७५/१२/०५ द देखि ३० दिन	४

१५	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Professional Course on Management and Development	२०७५/१२/०४ देखि ३० दिन	४
१६	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	पर्वतारोहण सम्पर्क अधिकृत अनुस्थापन तालिम	२०७५/१२/०७ द देखि ७ दिन	१
१७	USAID & PEFA Secretariat	PEFA Assessment Tool Intraction Progrma	२०७५/१२/११	२
१८	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	पर्वतारोहण सम्पर्क अधिकृत अनुस्थापन तालिम	२०७५/१२/१७-२०७५/१२/२३	७
१९	अर्थ मन्त्रालय,अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा	Negotiation Skills	२०७५/१२/१०-१२	१
२०	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Advance Course on Management and Development (ACMD)	२०७६/१/२ देखि ३५ दिन	२
२१	नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्था,	Enabling Business Environment for Economic Development (SAFA Conference)	२०७५/१२/२१	१
२२	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Professional Course on Management and Development	२०७५/१२/२५ देखि ३० दिन	१
२३	महालेखानियन्त्रक कार्यालय	नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुपको वित्तीय विवरण सम्बन्धी कार्यशाला गोष्ठी	२०७६/०१/१३	२५
२४	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Professional Course on Management and Development	२०७६/०१/०९ देखि ३० दिन	१
२५	अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा	Project Administration and Implementation Workshop	२०१९ मे ७-८	३
२६	केन्द्रीय तथ्याङ्क विभाग	डाटा/ तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम	२०७६/०१/२४	१
२७	पेफा सचिवालय	Website, Report, Digital Circular Related Training		१
२८	लोक सेवा आयोग, परीक्षण प्रविधि शाखा	कार्य सम्पादनको सिलसिलामा आईपर्ने विशेष परिस्थिति/ घटनाका समयमा आफूले गरेका कार्य/ निर्णयका बारेमा अनुभव आदानप्रदान सम्बन्धी कार्यक्रम	२०७६/०२/२८	१२
२९	महालेखा नियन्त्रक कार्यालय (धुलिखेल)	NPSAS Workshop	२०७६/२/२९-३०	२
३०	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Gender Equality and Social Inclusion and Gender Responsive Budget	२०७६/०३/१३	१

९. बाह्य सरोकार पक्षसँगको सम्बन्ध

९.१ **राय परामर्शः** महालेखापरीक्षकको कार्यालयको परामर्श माग भई आएकोमा २०७४ श्रावणदेखि २०७५ आषाढ मसान्तसम्ममा परामर्श प्रदान गरिएको विवरण निम्न रहेको छः

क्र.सं.	परामर्श माग गर्ने निकाय	परामर्श दिएको विषय	परामर्श उपलब्ध गराएको संख्या
१.	अर्थ मन्त्रालय वैदेशिक समन्वय महाशाखा	अन्तर्राष्ट्रिय संघसंस्था, दातृ निकायबीच हुने सहायता सम्झौताको मस्यौदा उपर कार्यालयको राय दिइएको	२

९.२ **प्रतिनिधित्वः** देहायका निकायहरुमा आर्थिक वर्ष २०७५।७६ मा यस कार्यालयबाट निम्न कर्मचारीहरुले प्रतिनिधित्व गर्नुभएको छः

क्र.सं.	निकाय	प्रतिनिधित्व गर्ने कर्मचारी	निर्णय मिति
१	पेफा निर्देशक समिति	उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल	
२	आठौं परिषद् सदस्य	नायब महालेखापरीक्षक श्री जीवनप्रसाद सुवेदी	२०७५/०५/०६
३	अनुशासन समिति	नायब महालेखापरीक्षक श्री त्रिलोचन आचार्य	२०७५/०५/०१
४	नेपाल लेखामान बोर्ड	नायब महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	२०७४/१२/२१
५	नेपाल लेखापरीक्षणमान बोर्ड	नायब महालेखापरीक्षक श्री महेश्वर काफ्ले	२०७५/०३/१९
६	गुणस्तर आश्वतता बोर्ड	नायब महालेखापरीक्षक श्री विन्दु विष्ट	२०७५/०५/०१
७	NPSAS Committee	नायब महालेखापरीक्षक श्री वैकुण्ठबहादुर अधिकारी	२०७५/०५/०१
८	Gender Foacal Person	नायब महालेखापरीक्षक श्री विन्दु विष्ट	२०७५/०५/१५
९	CIAA-Focal Person	नायब महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	२०७५/०५/०१
१०	निर्वाचन Focal Person	नायब महालेखापरीक्षक श्री विष्णुप्रसाद रिजाल	

९.३ **सूचना सम्प्रेषणः** कार्यालयको काम कारबाहीसम्बन्धी सूचनाहरु उपलब्ध गराउन प्रवक्ता र सहायक प्रवक्ता, सूचना अधिकारी र सहायक सूचना अधिकारीको व्यवस्था गरिएको छ । साथै सूचना विभागबाट सञ्चालन हुने प्रवक्ता र पत्रकार भेट (Meet the press) कार्यक्रममा कार्यालयको तर्फबाट नियमित रुपमा सहभागी भई सूचना प्रवाह गर्ने गरिएको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस भएपछि सरोकारपक्षबाट माग भएबमोजिमको लेखापरीक्षण प्रतिवेदन ऐनले तोकेको म्यादभित्र उपलब्ध गराउने गरिएको छ ।

९.४ **गुनासो सुनुवाइः** कार्यालयमा गुनासो सुन्ने अधिकृत (नोडल अधिकृत) तोकी कर्मचारीको सेवा सुविधासँग सम्बन्धित आन्तरिक र सरोकारपक्षबाट प्राप्त लिखित गुनासो सुनुवाइको व्यवस्था गरिएको छ ।

९.५ **नोटिस बोर्डः** कार्यालयबाट प्रकाशित सूचनाको जानकारी प्रदान गर्न Audio Notice Board Service १६१८०१४२५३२७० बाट सूचना प्राप्त गर्न सकिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

१०. नतिजा

- **नतिजा सम्प्रेषणः** इन्टोसाई लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरुलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लिखित लेखापरीक्षण प्रतिवेदन तयार गर्न सुझाव दिएको छ । नेपालको संविधानअनुसार वर्षभरिमा सम्पादन गरेको कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा प्रस्तुति एवं छलफलका लागि तयार गर्नु महालेखापरीक्षकको अधिकार एवं कर्तव्य हो । त्यसैले महालेखापरीक्षकबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. २



- **लेखापरीक्षण नतिजाः** महालेखापरीक्षकले आफूले गरेका कामको वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार यो वर्ष संघीय मन्त्रालय तथा निकाय ४ हजार ८४१, प्रदेश मन्त्रालय तथा निकाय ६८, स्थानीय तह ७४७, संगठित संस्था ९९ र समिति ८६१ तथा २२ विषयको कार्यमूलक, ३ सूचना प्रविधि, १ विषयको वातावरणीय र २ विषयको विशेष लेखापरीक्षणसमेत ६ हजार ६४४ निकायको लेखापरीक्षण सम्पन्न गरी २०७५ चैत्र २९ गते (आर्थिक वर्ष सम्पन्न भएको ९ महिनाभित्र) सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन पेस गरिएको छ । उक्त वार्षिक प्रतिवेदन यस कार्यालयको वेभसाइट www.oagnep.gov.np मा राखिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम (रु. करोडमा)
(क) वित्तीय लेखापरीक्षण		
१. संघीय मन्त्रालय तथा निकाय	४८४१	२००८८४
२. प्रदेश मन्त्रालय तथा निकाय	६८	२६२
३. स्थानीय तह	७४७	५७१५१
४. जिल्ला समन्वय समिति	७६	१४४४५
५. समिति र अन्य संस्था	७८५	१०९२७
६. संगठित संस्था	९९	२३२४२३
(ख) कार्यमूलक लेखापरीक्षण	२२	०
(ग) सूचना प्रविधि लेखापरीक्षण	३	०
(घ) वातावरणीय लेखापरीक्षण	१	०
(ङ) विशेष लेखापरीक्षण	२	०
जम्मा	**६६४४**	**५१६०९२**

यो वर्ष ४ हजार ८४१ संघीय मन्त्रालय तथा निकायको रु.२० खर्ब ८ अर्ब ८४ करोड, प्रदेश मन्त्रालय तथा निकाय ६८, जिल्ला समन्वय समिति ७६, स्थानीय तह ७५३ मध्ये ७४७, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानलगायत ८८४ निकायको रु.३१ खर्ब ५२ अर्ब ८ करोडसमेत रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त २२ विषयको कार्यमूलक, ३ विषयको सूचना प्रविधिमा आधारित, १ विषयको वातावरणीय तथा २ विषयको विशेष लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण अनुसूची १, १क, १ख, २, ४ र १४ मा उल्लेख छ ।



- **कारबाही टुङ्गो लगाउनुपर्ने रकमः** संघीय सरकारी कार्यालय प्रदेश, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको विगतको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.३ खर्ब ६ अर्ब १८ करोड रहेको छ । उक्त रकम गत वर्षभन्दा ४६.११ प्रतिशत बढेको छ ।

(रु. लाखमा)

क्र.सं.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/घट	अद्यावधिक
१	लेखापरीक्षण बक्यौता	३,३८,०७	२,१४	३,४०,२१
२	राजस्व बक्यौता	१,६१,१६,१५	९०,९६,८६	२,५२,१३,०१
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२०,५८,१४	१८,१२	२०,७६,२६
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२२,३७,८१	५,४५,७९	२७,८३,६०
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२,०५,००	०	२,०५,००
	जम्मा	**२०९५५१७**	**९६,६२,९१**	**३,०६,१८,०८**

उक्त रकममा अद्यावधिक बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोड थप गर्दा समष्टिगतमा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्ब ८३ अर्ब ६६ करोड पुगेको छ । गत वर्ष यस्तो रकम रु.५ खर्ब ८ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम ३६.७१ प्रतिशतले बढेको छ ।

- **बेरुजू वर्गीकरणः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

बेरुजूलाई असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको र पेस्की बाँकीमा वर्गीकरण गरिएको छ । पेस्की अन्तर्गत कर्मचारी पेस्की, मोबिलाइजेसन पेस्की, प्रतीतपत्र पेस्की र संस्थागत पेस्कीमा वर्गीकरण रहेको छ । यो वर्ष संघीय र प्रदेश, सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट देहायअनुसार रु.१ खर्ब ४१ अर्ब ५ करोड बेरुजू औंल्याइएको छ । बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समितिरअन्य संस्था र जिल्ला समन्वय समिति	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**३२०३५२**	**२११**	**२७२१६**	**६९७९**	**३५४७५८**	**२५.१५**
२. नियमित गर्नुपर्ने	**२९२५४२**	**६६३**	**१४८१६०**	**७५५६८**	**५१६९३३**	**३६.६५**
• अनियमित भएको	६६७३८	२९६	६३२५४	२०४६४	१५०७५२	१०.६९
• प्रमाण कागजात पेस नभएको	२१५२५३	३६७	८४२४४	५४९९१	३५४८५५	२५.१६
• जिम्मेवारी नसारेको	०	०	४१७	५	४२२	०.०३
• शोधभर्ना नलिएको	१०५५१	०	२४५	१०८	१०९०४	०.७७
३. पेस्की	**४५०४८६**	**१०७७**	**६६०४०**	**२१२११**	**५३८८१४**	**३८.२०**
• कर्मचारी पेस्की	२६७०	२	२३१६४	२४९	२६०८५	१.८५
• मोबिलाइजेसन पेस्की	२६३६९९	०	०	०	२६३६९९	१८.७०
• प्रतीतपत्र पेस्की	८७४५१	०	०	०	८७४५१	६.२०
• अन्य पेस्की	९६६६६	१०७५	४२८७६	२०९६२	१६१५७९	११.४५
जम्मा बेरुजू	**१०६३३८०**	**१९५१**	**२४१४१६**	**१०३७५८**	**१४१०५०५**	**१००.००**

***द्रष्टव्यः** संगठित संस्थाहरुको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*



यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, संगठित संस्था, अन्य समिति तथा संस्थासमेतको रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न भएको मध्ये संघीय सरकारी कार्यालयतर्फ रु.२० खर्ब ८ अर्ब ८४ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.१ खर्ब ११ अर्ब २३ करोड बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.४ अर्ब ८९ करोड (कुल बेरुजूको ४.३९ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्यौंटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(३) को व्यवस्थाअनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइएको छ । सोही ऐनको उपर्युक्त दफाको व्यवस्थाअनुसार फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.१ खर्ब ६ अर्ब ३४ करोडको बेरुजू फछ्यौंट हुन बाँकी रहेको छ ।

- **मन्त्रालयगत बेरुजू:** संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्नेठि	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१०४९२३२२	२५४५१०	५६४५१	४४२४	३१५३८५	२९.६६	३.०१
२	भौतिक पूर्वाधार तथा यातायात	१३५२४८९	१०७९१	३००९६	१६५७९०	२०६६७६	१९.४४	१५.२८
३	रक्षा	६८९०९६	१२८	७७६	१११४७३	११२३७७	१०.५७	१६.३१
४	शिक्षा, विज्ञान तथा प्रविधि	४८३५४८	४१२	६९४२६	१५८९	७१४२७	६.७२	१४.७७
५	खानेपानी	२६८१८२	२३८७४	१७८४८	१८७१८	६०४४०	५.६८	२२.५४
६	ऊर्जा जलस्रोत तथा सिँचाइ	८१०६६९	३८५९	२२००२	३३२११	५९०७२	५.५६	७.२९
७	शहरी विकास	३०५५९०	११८५	२९८६	५२२०१	५६३७२	५.३०	१८.४५
८	संघीय मामिला तथा सामान्य प्रशासन	६३१३९२	३६८५	२३८१७	१४०९७	४१५९९	३.९१	६.५९
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१५६५३०९	१३४४	१२५६८	२३४१४	३७३२६	३.५१	२.३८
१०	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४५७३४७	१८५८	२१२५१	१६३	२३२७२	२.१९	५.०९
११	अन्य	३०३२४५७	१८७०७	३५३२१	२५४०५	७९४३३	७.४७	२.६२
	जम्मा	**२००८८४०३**	**३२०३५२**	**२९२५४२**	**४५०४८६**	**१०६३३८०**	**१००.००**	**५.२९**

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९२.५३ प्रतिशत रहेको छ ।



- यो वर्ष ४ हजार ८४१ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ८५४ कार्यालय (३८.२९ प्रतिशत) मा लगती बेरुजू देखिएन ।
- यो वर्ष ३ हजार ८७८ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तह एवं जिल्ला समन्वय समितिको ९७ हजार ७५ दफा बेरुजू देखिएकोमा ५९ हजार ४६९ दफा सैद्धान्तिक र ३७ हजार ६०६ दफा लगती बेरुजू कायम भएको छ ।
- संघीय सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.३३ अर्ब ८२ करोड ४१ लाखमध्ये २८ निकायअर्न्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.५६ करोड ५६ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २१ निकायअर्न्तर्गतका कार्यालयले रु.१ अर्ब २२ करोड ३२ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा २३ निकाय मातहतका कार्यालयले रु.६ अर्ब ९५ करोड ५१ लाखसमेत रु.८ अर्ब ७४ करोड ३९ लाख र अन्य निकायबाट असुल भएको रु.१० करोड ४४ लाख समेत कुल रु.८ अर्ब ८४ करोड ८३ लाख असुल भएको छ । यो वर्ष लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.३२ अर्ब ३ करोड ५२ लाखमध्ये १० मन्त्रालय/निकायको रु.३१ अर्ब ६४ करोड ४५ लाख (९८ .७८ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.३९ करोड ७ लाख (१.२२ प्रतिशत) देखिएको छ ।
- संघीय सरकारी कार्यालयतर्फ गत वर्षम्मको पेस्की रु.८२ अर्ब ४ करोड २ लाख बाँकी रहेको मध्ये रु.२३ अर्ब ७४ करोड ९६ लाख (२८.९५ प्रतिशत) फछ्यौंट भई रु.५८ अर्ब २९ करोड ६ लाख बाँकी रहेको र सोमा यो वर्षथप भएको रु.४५ अर्ब ४ करोड ८६ लाखसमेत कुल पेस्की रु.१ खर्ब ३ अर्ब ३३ करोड ९२ लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी रु.१ अर्ब ३६ करोड १ लाख - १.३२ प्रतिशत) मोबिलाइजेसन रु.५४ अर्ब १२ करोड ६० लाख (५२.३७ प्रतिशत), प्रतीतपत्र रु.१५ अर्ब ३ करोड ६९ लाख (१४.५५ प्रतिशत) र अन्य पेस्की रु.३२ अर्ब ८१ करोड ६२ लाख (३१.७६ प्रतिशत) रहेको छ । त्यस्तै समिति, अन्य संस्थातर्फ यो वर्ष रु.२ अर्ब १२ करोड ११ लाख पेस्की बाँकी देखिएको छ ।
- **तुलनात्मक बेरुजू स्थितिः** संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. लाखमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
चवन्नौं	१२,९५,४४,९२	८८,८५,५९	६.६८
पचपन्नौं	१७,५२,९२,३८	९४,८१,५४	५.४१
छपन्नौं	२०,०८,८४,०३	१,०६,३२,६८	५.२९

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू गत वर्ष ५.४१ प्रतिशत रहेकोमा यो वर्ष ५.२९ प्रतिशत रहेको छ ।

- **बेरुजू फछ्यौंटः** यो वर्ष बेरुजू फछ्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

निकाय/विवरण	संघीय सरकारी कार्यालय	संगठित संस्था, समित, अन्य संस्था	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	जम्मा
विगतको बेरुजू	२,१३,६६,७९	६२,६१,२८	०	१४,२४,६०	२,९०,५२,६७
समायोजनाबाट थप (घट)	१२,४७,६२	(११,९३,११)	०	१०	५४,६१
फछ्यौंट तथा सम्परीक्षण	४६,४८,०८	५,७६,९८	०	२,३९,६२	५४,६४,६८
बाँकी	१,७९,६६,३३	४४,९१,१९	०	११,८५,०८	२,३६,४२,६०
चालु वर्ष लेखापरीक्षण बेरुजू	१,०६,३३,८०	१०,३७,५८	१९,५१	२४,१४,१६	१,४१,०५,०५
अद्यावधिक बाँकी बेरुजू	२,८६,००,१३	५५,२८,७७	१९,५१	३५,९९,२४	३,७७,४७,६५

यो वर्ष फछ्यौंट तथा सम्परीक्षण भएको संघीय सरकारी कार्यालयको रु.४६ अर्ब ४८ करोड ८ लाखमध्ये खानेपानी, शहरी विकास, सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सम्परीक्षण भएको बेरुजू रु.१५ अर्ब ९२ करोड ८७ लाख रहेको छ । उक्त बेरुजू सम्परीक्षणको ५८.४३ प्रतिशत हिस्सा अर्थात् रु.९ अर्ब ३० करोड ७४ लाख मोबिलाइजेसन पेस्की रहेको छ । त्यस्तो पेस्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वतः फछ्यौंट हुने र सोबाहेकका अन्य बेरुजू असुल फछ्यौंट गर्न सम्बन्धित निकायहरुले पर्याप्त ध्यान दिने गरेको पाइएन । मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएकोमध्ये रु.१० करोड १५ लाख फछ्यौंट भएको छ ।

- **बेरुजू न्यूनीकरणः** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा आर्थिक अनुशासनको स्थिति कमजोर देखिएको छ । यस्तो स्थिति आउनमा मूलतः कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोर अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन् । अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन । कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकाङ्कको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ ।

लेखापरीक्षणबाट असुलीमा योगदान

(रु. हजारमा)

बेरुजू असुली विवरण	रकम
लेखापरीक्षणको क्रममा	११७१८७६
प्रारम्भिक प्रतिवेदन पठाएपछि	१४६९००७
सम्परीक्षणको क्रममा	६९५५०८४
अन्य निकायको लेखापरीक्षणबाट	१०४४०५
जम्मा असुली	**९७००३७२**

११. भावी कार्यदिशा

- **महालेखापरीक्षकको कार्ययोजना (२०७४–२०८०)**

वित्तीय प्रशासनका विद्यमान अवस्थाका सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्दै महालेखापरीक्षकको काम, कर्तव्य र जिम्मेवारीलाई प्रभावकारी बनाउन, अन्तर्राष्ट्रिय क्षेत्रमा लेखापरीक्षणको पद्धतिमा आएका नवीनतम अवधारणा, मुलुकको राजनैतिक, सामाजिक र आर्थिक परिवेशमा आएको परिवर्तन तथा नेपालको संविधानअनुसार थप भएको प्रदेश तथा स्थानीय तहको लेखापरीक्षणको बढ्दो क्षेत्राधिकार समेतलाई मध्यनजर राखी विगतका रणनीतिक योजना, कार्ययोजना र प्रतिवेदनहरु समेतको आधार लिई महालेखापरीक्षकको कार्ययोजना (२०७४–२०८०) सार्वजनिक गरिएको छ । उक्त कार्ययोजनामा संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारलगायतका कार्यक्रमहरु राखिएको छ । सार्वजनिक निकायहरुमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि हुने, पारदर्शिता प्रवर्धन हुने, सरकारी कोषको दुरुपयोग नियन्त्रण भई मुद्राको सार्थकता सुनिश्चित हुने, मुलुकको शासकीय व्यवस्थामा अनियमितता र खराब प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता वृद्धि भई सुशासनका सूचकहरुमा सुधार आउने, आर्थिक अनुशासन कायम भई अनियमितता र बेरुजू न्यूनीकरण हुने, वित्तीय व्यवस्थापनका बारेमा आम नागरिकमा सचेतना बढ्ने, महालेखापरीक्षकको कार्यलयबाट सम्पादित लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता वृद्धि भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र अन्तर्राष्ट्रिय साख अभिवृद्धि गर्न मद्दत पुग्ने अपेक्षाका साथ कार्ययोजना ल्याइएको छ ।

- **लेखापरीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको प्रेषित वार्षिक लेखापरीक्षण कार्यतालिका, २०७६।७७**

१.	**लेखापरीक्षण गरिने कार्यालय**	नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालय तथा कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका निकायहरूको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी जोखिमको आधारमा निकाय छनौट गरी स्थलगत रुपमा लेखापरीक्षण गरिनेछ । यस सन्दर्भमा तहाँ मातहतका कार्यालयको लेखापरीक्षण गर्न गराउन आवश्यक व्यवस्था मिलाउनु हुनेछ ।
२.	**बक्यौता लेखापरीक्षण**	बक्यौता लेखापरीक्षणको लागि आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ अनुसार प्रमाण पेस गरी गराई वा असुलउपर गरी फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानुनबमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । महालेखापरीक्षकको छपन्नौं वार्षिक प्रतिवेदन, २०७५ अनुसार (२०७५ चैत्र मसान्तसम्मको) सरकारी निकायतर्फ २९०० इकाईको रु.३ अर्ब ४० करोड २१ लाखको लेखा वित्तीय विवरणसहितका

		स्रेस्ता पेश नभई लेखापरीक्षण बक्यौता रहेको छ । मातहत कार्यालयहरूबाट स्थलगत लेखापरीक्षणकै समयमा लेखा पेश गरी लेखापरीक्षण गराउने व्यवस्था गर्नु हुनेछ ।
३.	**लेखा तथा विवरण दाखिला गर्ने दायित्व**	आर्थिक कायविधि ऐन, २०५५ को दफा १७(१) बमोजिम अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिएबमोजिमको लेखा तथा विवरणहरू तोकिएको म्यादभित्र पेश गर्नु जिम्मेवार व्यक्तिको कर्तव्य हुने प्रावधान भएबमोजिम सोको पालना गर्नु गराउनु हुनेछ । प्रचलित ऐन तथा नियमबमोजिम आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाई वित्तीय व्यवस्थापन सुदृढ गराउनु जिम्मेवार व्यक्ति र लेखाउत्तरदायी अधिकृतको कर्तव्य भएकोले त्यर्सतर्फ सम्बन्धित पदाधिकारीलाई निर्देशन दिनुहुनेछ ।
४.	**प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण**	नेपालको संविधानबमोजिम प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण यस कार्यालयबाट हुने व्यवस्था भएअनुसार लेखापरीक्षण गरिनेछ । यसको लागि आवश्यकताअनुसार पेशागत ज्ञान, सीप र अनुभव भएका व्यक्तिहरूको सेवासमेत लिन सकिनेछ ।
५.	**कार्यमूलक लेखापरीक्षण**	राष्ट्रिय महत्वका आयोजना तथा कार्यक्रम, बढी जटिल कारोबार र जोखिम भएका तथा जनसरोकारका निकायको मितव्ययिता, कार्यदक्षता एबं प्रभावकारितामध्ये सबै वा कुनै पक्षको विश्लेषण गरी प्रतिवेदनमा समावेश गरिनेछ । सार्वजनिक सेवा तथा कार्यहरूको असर वा प्रभाव मूल्याङ्कन गर्न आवश्यकताअनुसार नागरिक समाजसमेतको सहभागिता बढाइनेछ ।
६.	**सूचना प्रविधि लेखापरीक्षण**	सरकारी निकायमा सञ्चालनमा ल्याइएका सूचना प्रविधि प्रणालीको लेखापरीक्षण (IT Audit) गर्न निकाय/विषयको छनौट गरिएको छ ।
७.	**संगठित संस्थाको लेखापरीक्षण**	नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनबमोजिम महालेखापरीक्षकले लेखापरीक्षण गर्नुपर्ने संगठित, स्वायत्त संस्था, विकास समिति एवं अन्य संस्थाहरूमध्ये यो वर्ष ८ संगठित संस्थाको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट र अन्य संस्थाको हकमा पेशागत लेखापरीक्षकलाई सहायकको रुपमा नियुक्ति गरी लेखापरीक्षण सम्पन्न गरिनेछ । मन्त्रालय मातहतका सार्वजनिक संस्थालाई समयमै लेखा विवरण पेस गरी लेखापरीक्षण गराउन निर्देशन हुने अपेक्षा गरिएको छ ।
८.	**जिल्लागत लेखापरीक्षण टोली**	जोखिम विश्लेषणको आधारमा संघ, प्रदेश र स्थानीय तहका निकायहरूको छनौट गरी लेखापरीक्षण गर्न जिल्लास्तरमा स्थलगत लेखापरीक्षण टोली खटाइनेछ ।स्थलगत लेखापरीक्षणको लागि छनौट गरिएका जिल्लाहरूको विवरणमा उल्लेख गरिएको छ ।
९.	**आर्थिक विवरण तथा सोसँग सम्बन्धित फाँटवारीहरू**	सबै कार्यालयहरूले विनियोजन, राजस्व, धरौटी लगायतका सम्पूर्ण आर्थिक विवरणका साथमा देहायका विवरणहरू स्थलगत लेखापरीक्षण हुने जिल्लाहरूको हकमा लेखापरीक्षण टोलीले कार्यालयमा सम्पर्क

		गरेको दिनमै पेस गर्ने प्रवन्ध गर्नुहुनेछ । • खर्चको फाँटवारी • भुक्तानी दिन बाँकीको विवरण • पेस्की बाँकीको विवरण (म्याद नाघेको र ननाघेको), • वार्षिक कार्यक्रम तथा प्रगति विवरण, • आन्तरिक लेखापरीक्षण प्रतिवेदन, • आर्थिक कार्यविधि नियमावलीको नियम ९० बमोजिमको संक्षिप्त वार्षिक प्रतिवेदन, • बेरुजूको विवरण, • आर्थिक कारोबारको घोषणा फाराम, • लिखित प्रतिनिधित्वपत्र, काठमाडौं उपत्यकास्थित कार्यालयहरूको आर्थिक कारोबारको कार्य सञ्चालनस्तरको आर्थिक विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट समेत प्रमाणित गराई आर्थिक वर्ष समाप्त भएको ३५ दिन अर्थात् २०७६ साल भाद्र ३ गतेभित्र यस कार्यालयमा उपलब्ध गराउनु हुनेछ ।
१०.	**रकमगत विवरण**	निकाय तथा मन्त्रालयले महालेखापरीक्षकको कार्यालयमा पेस गर्ने विनियोजन, राजस्व, धरौटी र अन्य आय-व्ययको एकीकृत केन्द्रीय आर्थिक विवरणमा कार्यालयगत विवरण पठाउँदा कार्यालयको नाम नामेसीसहित विनियोजनतर्फ बजेट उपशीर्षकको रकमगत निकासा, खर्च र बाँकी, राजस्वतर्फ लगत सम्बन्धमा सो समेतको साविक र हालको खुल्ने गरी लगत, असुली, दाखिला र बाँकी (नगद र लगत समेत खुल्ने) विवरण एवं धरौटीतर्फ आम्दानी, खर्च र बाँकी देखिने केन्द्रीय आर्थिक विवरणसहित पठाउने व्यवस्था गर्न गराउनुहुनेछ । नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू गरी वित्तीय विवरण तयार गरेका निकायले सो लेखामानबमोजिम तयार गरिएको एकीकृत वित्तीय विवरण लेखापरीक्षणका लागि समयमै पठाउने व्यवस्था गर्नु गराउनु हुनेछ ।
११.	**आन्तरिक लेखापरीक्षण गराएर मात्र रमाना दिने**	आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(४) मा समयमै आन्तरिक लेखापरीक्षण गरी बेरुजू फछ्यौंट नगर्ने जिम्मेवार अधिकारीलाई कानुनबमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम (८) बमोजिम फछ्यौंट गर्न गरिएको कारबाहीसहितको विवरण अन्तिम लेखापरीक्षणको लागि पेस गर्नुपर्नेछ । अतः बक्यौतालगायत सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई त्यसबाट देखिएका बेरुजूहरू उपर कारबाही गरी फछ्यौंट गरेको हुनुपर्नेछ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११६ बमोजिम आर्थिक कारोबार गर्ने कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको सरुवा हुँदा आन्तरिक लेखापरीक्षण गराई सम्बन्धित जवाफ

		वा प्रमाण पेस गर्न लगाई हालवालालाई वा हालवालालाई बुझाउने गरी मातहत कर्मचारीलाई बुझाई बरबुझारथ भएपछि मात्र रमाना लिनु दिनुपर्ने व्यवस्था लागू गर्ने गराउने व्यवस्था गर्नु हुनेछ । स्रेस्ता पेस नगर्ने, आन्तरिक लेखापरीक्षण नगर्ने नगराउने र जवाफ दिन आलटाल गर्ने उपर कानुनबमोजिम विभागीय कारबाही गर्नु हुनेछ ।
१२.	**कार्यालय प्रमुख, लेखा प्रमुखको उपस्थिति र लेखापरीक्षण गराउन सक्रियता**	• जिल्लामा महालेखापरीक्षकको डोर मुकामको साइनबोर्ड सहितको लेखापरीक्षण डोर कार्यालय स्थापना गरिनेछ । सोको लागि जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयमार्फत आवश्यक प्रबन्ध भएमा संघीय, प्रदेश र स्थानीय तहका कार्यालयमा समन्वय गर्न सहज हुनेछ । • लेखापरीक्षणबाट औँल्याइएका व्यहोराउपर छलफल गर्ने, कागजात प्रमाण जुटाउने र सोधपुछ गरिएका विषयमा जवाफ दिई आर्थिक विवरण तथा अन्य विवरणहरू यथार्थ र तथ्यपूर्ण बनाउन लेखापरीक्षण गराउने निकायबाट सहयोग प्राप्त हुनेछ । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर छलफल गरी तत्कालै प्रतिक्रिया उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ । लेखापरीक्षणको क्रममा माग गरिएका कागजात जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने संवैधानिक व्यवस्था रहेको र स्थलगत लेखापरीक्षण गरिने भएकाले कुनै निकायको लेखापरीक्षण प्रतिवेदनमा प्रमाण पेश नभएको बेरुजू हुनु वाञ्छनीय नभएको तर्फसबै निकायलाई सजग गराउनु हुनेछ । गत विगत वर्ष यस्तो बेरुजूको प्रतिशत अधिक रहेकोले यस पटकको लेखापरीक्षणमा यस्ता व्यहोरा न्यूनीकरणको लागि समयमै ध्यान पुर्‍याउनु हुनेछ । • लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवार पदाधिकारी र लेखा प्रमुखको कारोबारको अवधि खुलाई उक्त दायित्व किटान गर्नुपर्ने भएकाले कार्यालय प्रमुख तथा आर्थिक कारोबारमा संलग्न जिम्मेवार व्यक्तिको नाम, पद र कार्यरत अवधि सहितको विवरण उपलब्ध गराउनु हुनेछ । • जिल्लाको भौगोलिक अवस्थाअनुसार स्थानीय तहको हकमा यथासम्भव स्थलगत रुपमा लेखापरीक्षण गरिनेछ । भौगोलिक कठिनाइ, समयलगायतका कारणले सम्भव नभएमा जिल्ला समन्वय समिति वा पायक पर्ने स्थानमा लेखापरीक्षण कार्यकक्ष स्थापना गरी लेखापरीक्षणको व्यवस्था मिलाइनेछ । • लेखापरीक्षण शुरु गर्नु पूर्व लेखाउत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति, लेखा प्रमुख र सम्बद्ध पदाधिकारी उपस्थित गराई लेखा, स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउने व्यवस्था गर्नुहुनेछ । लेखापरीक्षणको क्रममा नियन्त्रक र नियन्त्रित निकायको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

		• स्थानीय तहका कार्यालय, विकास निर्माणका परियोजनाहरू, सेवा प्रवाहको दृष्टिले महत्वपूर्ण ठानिएका निकायहरूको लेखापरीक्षण गर्दा सम्भव भएसम्म सरोकारवालाहरूसँग समेत अन्तरक्रिया गरी लेखापरीक्षण गरिने छ ।
१३.	**आर्थिक कारोबारको घोषणा फाराम**	प्रत्येक सार्वजनिक निकायहरुले आर्थिक कारोबारको घोषणा फाराम (अनुसूची ५) भरी आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र प्रमाणित गरी आर्थिक विवरणसाथ पेस गर्नुपर्नेछ । लेखापरीक्षण टोलीले उक्त घोषणा फाराम सङ्कलन गरी लेखापरीक्षणको कार्य गर्ने भएकोले समयमा नै उक्त विवरण तयार गरी प्रमाणित गर्ने एवं स्थलगत लेखापरीक्षण टोली समक्ष पेस गर्न लेखाउत्तरदायी अधिकृत एवं जिम्मेवार व्यक्तिलाई निर्देशन दिनुहुनेछ ।
१४.	**अनुवन्धपत्र र लिखित प्रतिनिधित्वपत्र**	लेखापरीक्षण शुरु गर्नुपूर्व लेखापरीक्षण गर्ने निकाय र लेखापरीक्षकबीच संलग्न ढाँचाअनुसारको लेखापरीक्षण अनुबन्धपत्र हस्ताक्षर गर्ने व्यवस्थाको लागि मातहतका सम्पूर्ण निकायहरूलाई निर्देशन दिनुहुनेछ । प्रत्येक कार्यालयले लेखापरीक्षण टोलीलाई संलग्न ढाँचाबमोजिमको लिखित प्रतिनिधित्वपत्र अनिवार्य रुपले उपलब्ध गराउनुपर्नेछ । अनुवन्धपत्र र व्यवस्थापन प्रतिनिधित्वपत्रको ढाँचा उल्लेख गरिएको छ ।
१५.	**लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन**	काठमाडौँ उपत्यका बाहिरको स्थलगत रुपमा लेखापरीक्षण गरिएका कार्यालयहरूको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन स्थलगत रुपमा जारी गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ। सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय, विभाग, मन्त्रालय तथा संवैधानिक निकायलाई समेत प्रारम्भिक प्रतिवेदनको बोधार्थ तथा कार्यार्थ पठाइनेछ। सबै निकायबाट समयमै प्रत्युत्तरको व्यवस्था हुनेछ।
१६.	**लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया**	लेखापरीक्षण सम्पन्न भएका संघ तथा प्रदेश सरकारका सबै निकाय र मन्त्रालय, प्रदेश र स्थानीय तहबाट लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाएको ३५ दिनभित्र कारबाही गरी फछ्यौंट गरेको प्रमाणसहित जवाफ प्राप्त भएमा सो उपर अध्ययन तथा फछ्यौंटको कारबाही तत्काल गरी बाँकी व्यहोरामात्र समावेश गरी लेखापरीक्षण अन्तिम प्रतिवेदन जारी गरिने गरिनेछ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ अनुसार ३५ दिनभित्र जवाफसाथ प्रमाण कागजात पेस गरी तत्काल बेरुजू फछ्यौंट गर्न ध्यानाकर्षण गरिएको छ । यसमा तालुक मन्त्रालय, विभागबाट मातहत निकायहरूलाई निर्देशन दिनु हुनेछ ।
१७.	**सम्परीक्षण**	• आर्थिक वर्ष २०७४।७५ सम्मको बेरुजूको हकमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०९(१)(छ) तथा नियम ११०(१)(ङ) अनुसार सम्बन्धित निकायबाट फछ्यौंट गरी सो विवरण तथा प्रमाण लेखापरीक्षण टोलीलाई अनिवार्यरुपमा उपलब्ध गराइदिने व्यवस्था गर्नुहुनेछ । उक्त प्रमाण तथा

		विवरणबाट फछर्यौट भएको बेरुजू रकमको परीक्षण यस कार्यालयबाट लेखापरीक्षण गर्न आउने टोलीले स्थलगत रुपमा गर्ने र त्यसमा देखिएका व्यहोरा चालू वर्षको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश हुनेछ । साथै विगत वर्षको पेस्की चालू वर्षको लेखापरीक्षण अवधिसम्म फछर्यौट भएको भए सम्बन्धित कार्यालयले प्रमाण पेस गरी स्थलगत लेखापरीक्षण टोलीबाट सम्परीक्षण गराउने व्यवस्था गर्नु गराउनु हुनेछ । • यस वर्ष लेखापरीक्षण गरी प्रतिवेदनमा समावेश गरिएका बेरुजूहरू आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ बमोजिमको म्यादभित्र प्राप्त बेरुजू सम्परीक्षण अनुरोध उपर मात्र कारबाही हुनेछ । • सार्वजनिक निकाय र संस्थाहरूको लेखा व्यवस्थापन र कार्यप्रणालीमा सुधारात्मक उपायहरू अवलम्वन गरी अनियमितता र बेरुजू न्यूनीकरण गर्ने र सकभर बेरुजू नै नआउने व्यवस्था मिलाउन आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण सुदृढ गर्नु हुनेछ । • पूर्वक्रियाशील सम्परीक्षण प्रणाली (Proactive follow up System) लागू गरी लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिहरूबाट समयबद्ध बेरुजू फछर्यौट कार्ययोजना माग गरी अनुगमन गरिनेछ । यस प्रयोजनको लागि मन्त्रालय र केन्द्रीय निकायबाट अनुसूची ८ बमोजिमको ढाँचामा विवरण उपलब्ध गराउने व्यवस्था गर्नुहुनेछ । • वित्तीय अनुशासन पालना र बेरुजू फछर्यौटमा उदासीन पदाधिकारीहरूको अभिलेख तयार गरी सम्बन्धित निकायहरूलाई उपलब्ध गराइनेछ । • सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेवारी दिनुपर्दा आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता पालनाको स्तर समेतको आधार लिने व्यवस्था मिलाउनु हुनेछ ।
१८.	**बेरुजूको स्थिति**	संघीय मन्त्रालय तथा निकायका लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो मातहतका कार्यालयहरूको साबिक वर्षदेखिको बेरुजूको स्थिति आर्थिक कार्यविधि नियमावलीको नियम ९०(१) अनुसूची १४ को बुँदा नं. ८ बमोजिमको बेरुजू लगत (अङ्क) एकीकृत गरी २०७६ कार्तिक मसान्तभित्र यस कार्यालयमा पेस गरी सक्नुपर्नेछ । प्रदेश र स्थानीय तहको हकमा बेरुजू तथा फछर्यौटको विवरण लेखापरीक्षण टोली खटिएको समयमा उपलब्ध गराउनुपर्नेछ ।
१९.	**सुपरिवेक्षण**	लेखापरीक्षण तथा सम्परीक्षण कार्यलाई प्रभावकारी बनाउन यस कार्यालयले आवश्यकतानुसार स्थलगत सुपरिवेक्षणको व्यवस्था गर्नेछ । उच्च जोखिम, जनचासोसँग सम्बन्धित, ठूला विकास निर्माणसँग

		सम्बन्धित निकायको लेखापरीक्षणको सुपरिवेक्षण उच्च तहबाट गर्ने व्यवस्था मिलाइनेछ ।
२०.	**बहिर्गमन बैठक**	लेखापरीक्षण सम्पन्न पश्चात् देखिएका व्यहोरा उपर छलफल गर्न बहिर्गमन बैठकको आयोजना गरिनेछ । उक्त बैठकमा लेखाउत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति र लेखा प्रमुखहरूको अनिवार्य उपस्थिति गराइने व्यवस्था हुनेछ ।
२१.	**सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयनको प्रभावकारिता अनुगमन**	सार्वजनिक लेखासमितिवाट भएका निर्णयलाई लेखापरीक्षण कार्यक्रममा समावेश गरी कार्यान्वयन अवस्थाको अनुगमन गरिनेछ ।
२२.	**वित्तीय जवाफदेहिता मूल्याङ्कन**	लेखापरीक्षण ऐन, २०७५ को दफा ९.२ अनुसार कुनै पदाधिकारीले वित्तीय जवाफदेहिता वहन गरे नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्तबमोजिम परीक्षण गरिनेछ । यसका लागि इकाईगत योजनामा समावेश गरी परीक्षण गरिनेछ ।

१२ सुधारका क्षेत्रहरु

१२.१ **बजेट तथा खर्चको आँकलनः** बजेट व्यवस्थापनसँग सम्बन्धित समस्या समाधानको लागि नीतिगत तथा कार्यान्वयनगत विषयमा निम्नानुसार सुधार गर्नुपर्दछः

- दीर्घकालीन योजनामा प्राथमिकतामा परेको र सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, ड्रइङ डिजाइन भइसकेका प्राथमिकता प्राप्त आयोजनालाई आवश्यक बजेट विनियोजन गर्नुपर्दछ ।
- वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको लागि सहायता प्राप्तिको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।
- संघ, प्रदेश र स्थानीय तहले आगामी त्रिवर्षीष खर्च प्रक्षेपणसहितको खर्च संरचना बजेट तर्जुमा गर्दा नै तयार गरी पेस गर्ने व्यवस्था गर्नुपर्दछ ।
- विकास निर्माण र सेवा प्रवाहको आवश्यकताको आधारमा संघ, प्रदेश र स्थानीय तहले आयोजना बैङ्क तयार गरी यस्तो बैङ्कमा रहेका आयोजनामा त्रिवर्षीष खर्च प्रक्षेपणको आधारमा बजेट विनियोजन गर्ने, आयोजना वा कार्यक्रम बाहिर विनियोजन गर्ने पद्धतिमा नियन्त्रण गर्ने, शुरुमा बजेट विनियोजन नगरी रकमान्तर तथा गैरबजेटरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- बजेट विनियोजन गर्दा सालबसाली रुपमा सञ्चालन हुने, स-साना आयोजनामा उपलब्धि नहुने गरी विनियोजन गर्नेभन्दा उपलब्धिमूलक र प्रतिफलमुखी क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ ।
- बजेट सिद्धान्त विपरीत कोष प्रणालीबाट खर्च गर्ने, सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा न्यून विनियोजन गरी अर्थ विविध शीर्षकबाट अर्थ मन्त्रालयको निर्णयले रकमान्तर गरी ठूलो रकम निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- बजेट तर्जुमा गर्दा गरिबी निवारण, लैङ्गिक र दिगो विकास लक्ष्यका सूचकाङ्कका आधारमा विश्लेषण गर्नुपर्दछ । दिगो विकास लक्ष्यअनुसारको संकेत राखी बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्दछ ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारण भएको विस्तृत ढाँचाअनुसार संघ, प्रदेश र स्थानीय तह बीच राजस्व बाँडफाँड गर्ने एवं समानीकरण अनुदान प्रदान गर्ने व्यवस्था बजेटमा सुनिश्चित हुनुपर्दछ ।

१२.२ **खर्च व्यवस्थापनः** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहायबमोजिम गर्नुपर्ने देखिन्छः

- अनुत्पादक खर्च नियन्त्रण गर्न तर्जुमा गरेको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ अनुसार उच्च पदस्थ पदाधिकारीहरु आफैं मितव्ययी, मर्यादित र उदाहरणीय रुपमा प्रस्तुत हुने, समान कार्यक्रममा बेग्लाबेग्लै निकायबाट स्रोत जुटाउने कार्यमा नियन्त्रण गर्ने र खर्चको उपादेयता स्थापित नगरी बजेट उपयोगको कार्यारम्भ नगर्ने लगायतका व्यवस्था प्रभावकारी रुपमा पालना गरी बजेट खर्च गर्नुपर्दछ ।
- मन्त्रालय/विभागका शाखा महाशाखाहरु अनुगमन, निर्देशन र प्रतिवेदनमा केन्द्रित हुनुपर्नेमा ती निकायबाटै कार्यक्रमनै सञ्चालन गर्ने गरी बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- पटक पटक रकमान्तरको निर्णय गरी ठूलो रकम निकासा दिने, बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकार मात्र बढाउन विविध खातामा राख्ने वा संघसंस्थाको खातामा ट्रान्सफर गर्ने, वैदेशिक स्रोतको ऋण तथा अनुदान खर्चको तोकिएको समयमा शोधभर्ना नलिने सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउने र बजेट सिद्धान्त विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
- सञ्चित कोषबाट प्रदान गरेका अनुदानमध्ये खर्च नभएको सशर्त अनुदान रकम सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बी.आई.एस) लाई एकल कोष तथा खातासँग आवद्ध गरी बजेटभन्दा बढी निकासा नहुने व्यवस्था मिलाउनुपर्दछ ।
- कार्यतालिकाअनुसार सार्वजनिक निर्माणको काम गराउने पद्धति विकास गरी वर्षान्तमा रकमान्तर एवं अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
- बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कन एवं सम्बन्धित कर्मचारीको वृत्ति विकाससँग आवद्ध गरी उपलब्धिअनुसार दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।
- आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ ।

१२.३ **वैदेशिक सहायताः** पेरिस तथा आक्रा घोषणाअनुसार वैदेशिक सहायतालाई सम्बन्धित राष्ट्रको अपनत्वका लागि राष्ट्रिय बजेट, समान प्रतिवेदन प्रणाली तथा नतिजामा आधारित मूल्याङ्कन र राष्ट्रिय नीतिको परिपालना सम्बन्धमा अध्ययन गर्दा सुधार गर्नुपर्ने व्यहोरा निम्न छन्:

- सबै वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आवद्ध गर्नुपर्नेमा २२ प्रतिशत सहायता राष्ट्रिय बजेट बाहिर रहेकोले सम्झौता गर्दा राष्ट्रिय बजेटमा समावेश हुने गरी सहायता परिचालन गर्ने एवं नेपालको संवैधानिक व्यवस्था अनुरुप लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- नेपाल सरकारलाई उपलब्ध गराउने घोषणा भएको रकम अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
- प्राविधिक सहायतालाई प्रविधि हस्तान्तरणसँग सम्बन्धित तथा पुँजी निर्माणमा प्रयोग गर्ने कार्यमा परिचालन गर्नुपर्दछ ।
- सहायताको स्वीकृति वा सम्झौता गर्दा निश्चित वर्ग र धार्मिक समुदायमा केन्द्रित भएका, धार्मिक तथा सांस्कृतिक सद्भावमा असर पर्ने कार्यक्रममा नियन्त्रण गरी स्वीकृति एवं सम्झौता गर्नुपर्दछ ।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनु परेको अवस्था छ । यस्तो पद्धतिमा नियन्त्रण गरी शोधभर्ना प्रक्रियामा कडाई गर्नु जरुरी छ ।
- वैदेशिक सहायता परिचालनको क्षमताका कारणले दाताले प्रतिवद्धता व्यक्त गरी सम्झौता गरेको रकम कार्य योजनाअनुसार खर्च हुन नसक्दा सहायताको न्यून उपयोग भएकोले कार्यसम्पादन क्षमतामा अभिवृद्धि गरी सहायताको प्रभावकारी परिचालन गर्नुपर्दछ ।

१२.४ **आयोजना व्यवस्थापनः** लक्ष्यअनुरुपको लागत र समयमा आयोजना सम्पन्न हुन नसकी अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्नु आयोजना व्यवस्थापनको मुख्य समस्याको रुपमा रहेको देखिन्छ । आयोजना व्यवस्थापनमा सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- राष्ट्रिय गौरवका आयोजना लगायत सरकारका प्राथमिकता प्राप्त आयोजनाको छनौटसम्बन्धी नीति एवं मापदण्ड तयार नगरी आयोजना छनौट गर्ने गरेको देखिएकोले मापदण्ड तयार गरी आयोजनाको छनौट गर्नुपर्दछ ।
- सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन, ड्रइङ, डिजाइन तथा लागत अनुमान जस्ता आयोजना तयारी जस्ता प्रक्रियाहरु पूरा गरी आयोजना स्वीकृति तथा बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्नेमा कतिपय योजना बजेट विनियोजन भएपछि ती प्रक्रिया शुरु गर्ने अभ्यास देखिएकोले यसलाई नियन्त्रण गर्नुपर्दछ ।
- विस्तृत सर्वेक्षण गरी कार्यस्थलको अवस्थालाई ध्यान दिई यथार्थपरक ढङ्गले ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गर्नुपर्ने र ड्रइङ डिजाइनमा त्रुटि भई आयोजना समयमा कार्यान्वयन हुननसकी आयोजनाको व्ययभार बढ्न गएमा त्रुटिपूर्ण ड्रइङ डिजाइन तयार गर्ने परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ । यसका लागि ड्रइङ डिजाइन कार्यको परामर्शदातासँगको सम्झौतामा त्रुटि सच्याउने अवधि राख्ने र धरौटी समेत कट्टी गरी आयोजना निर्माण पश्चात फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ ।
- वातावरणीय प्रभाव अध्ययन नगरी कार्यस्थलको छनौट गर्ने, मुआवजा क्षतिपूर्ति र जग्गा प्राप्तिसम्बन्धी अवरोध जस्ता विषयको टुङ्गो नलगाई खरिद कार्य अगाडि बनाउने एवं आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउनुपर्ने सेवा सुविधाको व्यवस्था नगरी आयोजना कार्यान्वयन गरिँदा सम्पन्न गर्न ढिलाइ भइरहेकोले कानुनमा सुधारलगायतका प्रक्रिया पूरा भएपछि मात्र कार्यान्वयन गर्नुपर्दछ । एकीकृत वस्ती विकासको अवधारणा कार्यान्वयन गर्दा जग्गा विवादको समस्या निराकरण हुने देखिन्छ ।
- आयोजनाको छनौट गर्दा खुद वर्तमान मूल्य, लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत पूर्ति हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने र आयोजना सम्पन्न भएपछि ती प्रतिफल दरहरुको अवस्था मूल्याङ्कन एवं अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।
- आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी पदस्थापन गर्ने र कार्य प्रगति तथा लक्ष्य प्राप्ति प्रति जिम्मेवार बनाउने, कार्यसम्पादन करार गरी निश्चित अवधिसम्म सरुवा नगर्ने व्यवस्था मिलाउनुपर्दछ । आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने र ठूला आयोजनाको त्रुटि सच्याउने अवधि कम्तीमा ३ वर्ष वा सोभन्दा बढी राखी उक्त अवधिसम्म हुने त्रुटिका लागि निर्माण व्यवसायीका साथ साथै आयोजना प्रमुख समेतलाई जिम्मेवार बनाउने गरी कानुनी व्यवस्था गर्नुपर्दछ ।
- ठूला आयोजना निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन उपकरणहरु, निर्माण सामग्रीको उपलब्धता र निर्माण व्यवसायीको व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता (National Construction Capacity) विश्लेषण गरी राष्ट्रको आवश्यकतासँग निर्माण क्षमताको तादात्म्यता हुने गरी क्षमता अभिवृद्धि गर्नुपर्दछ ।
- विकास निर्माणका कार्यक्रममा निर्माण खर्चको तुलनामा परामर्श सेवामा अत्यधिक खर्च गर्ने परिपाटीलाई न्यूनीकरण गरी विभागीय जनशक्तिको क्षमता अभिवृद्धि गरी हाल ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता परामर्शदाताबाट हुँदै आएका कार्य विभागीय जनशक्तिबाट गराउने र निर्माण खर्चको तुलनामा परामर्श खर्चको सीमा निर्धारण गर्नुपर्दछ ।

- संघीयता कार्यान्वयनमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाको वर्गीकरण गरी दोहोरोपना, खप्टने र टुक्रिने पद्धति अन्त्य एवं समन्वय र सामन्जस्यता कायम गर्नुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा पर्ने आयोजनाहरु हस्तान्तरण गर्ने र सम्बन्धित सरकारको कार्य क्षेत्रमा नपर्ने आयोजनाको लागि बजेट विनियोजन नगर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- अन्तरसम्बन्धित निकायमा रहेका सूचनाहरु र अन्य निकायको कार्यमा सहयोग पुग्ने सूचनाहरु सम्बन्धित निकायलाई जानकारी गराउनुका साथै सडक, विद्युत, टेलिफोन, खानेपानी, काठमाडौं उपत्यका विकास प्राधिकरण, महानगर/नगरपालिका जस्ता निकायसँग सरोकार भएका सार्वजनिक निर्माण गर्दा स्पष्ट मापदण्ड र कार्यविधि तयार गरी आपसी समन्वयका आधारमा कार्य सञ्चालन गर्नुपर्दछ ।

१२.५ **सार्वजनिक खरिद व्यवस्थापनः** ठेक्का व्यवस्थापन, कार्यान्वयन, कार्यतालिका, म्याद थप, भेरिएसन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर र कार्य सम्पन्न गरी आयोजना हस्तान्तरण लगायतका विषयमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- विकास निर्माणका समान क्रियाकलाप सञ्चालन गर्ने निकायका निर्माण सम्बन्धी अलग अलग दरका नर्म्स भएकोले नर्म्सको यथार्थता यकिन हुन सक्ने अवस्था रहेको छैन । यस्ता विभागीय नर्म्स यथार्थपरक नहुँदा लागत अनुमानभन्दा उल्लेख्य घटीमा समेत निर्माण व्यवसायीले कार्य सकार गर्ने गरेको देखिएकोले वैज्ञानिक आधारमा नर्म्स पुनरावलोकन गरी एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद व्यवस्थापनमा निर्माण सक्षमताको मूल्याङ्कन गरी एउटा निर्माण व्यवसायीसँग रहेको स्रोत साधनको आधारमा एकै समयमा जिम्मा लिन दिन सक्ने निर्माण कार्यको सीमासम्बन्धी मापदण्ड तयार गर्नुपर्ने र क्षमता बाहिरको निर्माण कार्यको सम्झौता गरी समयमा निर्माण कार्य गर्न नसक्ने अवस्थामा परिवर्तन गर्न प्रभावकारी व्यवस्था हुनुपर्दछ ।
- प्रचलित कानुनमा ठेक्का सम्झौताको म्याद थप अवधि सम्बन्धमा कुनै सीमितता नरहेका कारण लामो अवधिसम्म म्याद थप गर्ने गरेको पाइन्छ । ठेक्का व्यवस्थापन तथा अभिलेख सुधार गरी कार्यालय वा निर्माण व्यवसायीमध्ये जसको कारणले ढिलाइ भएको हो यकिन गरेर मात्र म्याद थप गर्नुपर्ने र व्यवसायीको ढिलाइबाट कार्य भएकोमा पूर्व निर्धारित क्षतिपूर्ति तथा कालोसूचीको व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।
- हेभी मेसिन तथा उपकरण आवश्यक पर्ने, जटिल प्रकृतिका र योजनाको ठूलो अंश बजारबाट सामान खरिद गरी सम्पन्न गर्ने तथा उपभोक्ताको संलग्नता नरहने जस्ता काम उपभोक्ता समितिबाट गराउन नमिल्ने र उपभोक्ता समितिले काम लिई निर्माण व्यवसायीमार्फत गराउन नमिल्ने व्यवस्थाको पालना गराउनुपर्दछ ।
- विद्युतीय प्रणालीबाट बोलपत्र पेस गर्ने व्यवस्था लागू भइसकेको अवस्थामा गैरविद्युतीय बोलपत्रसमेत पेस गर्न सक्ने व्यवस्थाबाट विद्युतीय खरिद प्रणाली पूर्णरुपमा लागू नभएकोले विद्युतीय खरिद प्रक्रियालाई अनिवार्य गर्नुपर्दछ । विद्युतीय खरिद प्रणाली सम्बन्धमा संलग्न कर्मचारी एवं अन्य सम्बन्धितको क्षमता विकास गर्नुपर्दछ ।
- गुणस्तर परीक्षण एवं अनुगमन व्यवस्थामा कडाई गरी आयोजना तथा समग्र गुणस्तर व्यवस्थापन नगरी काम गराउने र भुक्तानी दिने आयोजना प्रमुखलाई जिम्मेवार बनाई कारवाही गर्नुपर्दछ ।
- सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन तथा सम्झौताअनुसार समयमा काम शुरु नगर्ने, ठेक्काको प्रगति सन्तोषजनक रुपले नगर्ने, बीचमा ठेक्का छोड्ने र तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का तोड्ने, कार्य सम्पादन जमानत जफत गर्ने, कालोसूचीमा राख्ने र अधुरो कार्य सम्पन्न गर्न आवश्यक रकम असुल गर्ने लगायतका व्यवस्थाको अनिवार्य कार्यान्वयन गर्नुपर्दछ ।

- निर्माण कार्य गराउँदा निर्माण सामग्रीको व्यवस्थापन, निर्माणस्थलको सुरक्षा व्यवस्थापन सम्बन्धमा उचित सतर्कता अपनाउन, कुल निर्माण कार्यको जोखिम वहन गर्न अनिवार्य बीमा गर्ने जस्ता व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।
- मूल्य समायोजनसम्बन्धी सूत्रको संरचना, आधारमूल्यको सूचकाङ्क, पेस्की कट्टा गर्ने व्यवस्था, ठेक्काको काम समयमा सम्पादन नहुँदाको मूल्य समायोजन, डिजाइन एण्ड बिल्टलगायत एकमुष्ट रकम भुक्तानी हुने ठेक्काको मूल्य समायोजन सम्बन्धमा स्पष्टता नभएकोले स्पष्ट निर्देशिका तयार पारी कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- स्पेसिफिकेसन तथा बोलपत्र मूल्याङ्कनका आधार तय गर्दा केही निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने ढङ्गले तयार गरेका कारण प्रतिस्पर्धा सीमित भई खर्चमा मितव्ययिता आउन नसकेको अवस्था छ । यसलाई निराकरण गर्न कानुनको पालनामा ध्यान दिनुपर्ने र त्यसरी सीमित आपूर्तक, निर्माण व्यवसायी, परामर्शदाता छनौट हुने गरी कागजात तयार गर्ने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ ।
- अधिकांश पुल डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट ठेक्का व्यवस्थापन गरेपनि यस्तो खरिद प्रक्रिया सम्बन्धमा सार्वजनिक खरिद ऐन नियमावलीमा स्पष्टता रहेको छैन । यो व्यवस्थाअर्न्तगत खरिद सम्झौता भएपछि डिजाइन तयारी तथा स्वीकृतिको काम हुने र निर्माण व्यवसायीको मुनाफालाई ध्यान दिई कम लागत तथा आयु हुने गरी डिजाइन पेस गर्ने जोखिम रहन्छ । डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।
- ठेक्का प्याकेजिङ्ग गर्ने निश्चित आधार र मापदण्ड तयार गरी पर्याप्त प्रतिस्पर्धा हुने व्यवस्था मिलाउनुपर्दछ ।
- सार्वजनिक निकायले खरिद गुरुयोजना तयार गर्ने नगरेको र वार्षिक खरिद योजना तयार गरेतापनि पालना गरेको देखिँदैन । पटक पटक सोझै खरिद गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्ने एवं खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ ।
- सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बूट), इन्जिनियरिङ्ग प्रोक्योरमेण्ट कन्ट्रयाक्ट एवं सञ्चालन तथा वित्तीय लिजका प्रस्ताव आव्हान एवं मूल्याङ्कन गर्न मार्गदर्शन, निर्देशिका, मूल्याङ्कनको आधार तय नभएकोले यथाशीघ्र तयार गर्नुपर्दछ ।

१२.६ **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षणः** संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायसमेतको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

- अतिक्रमणमा परेका सरकारी तथा सार्वजनिक र गुठी जग्गाहरुबाट अतिक्रमण हटाई सम्बन्धित निकायको अधीनमा ल्याउनुपर्दछ ।
- सवारीसाधनको निकायगत एवं केन्द्रीय एकीकृत लगत राखे र केही संघीय मन्त्रालय तथा कार्यालयमा जनशक्तिको अनुपातमा सवारीसाधन बढी देखिएकोले उक्त सवारीसाधनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी नयाँ सवारीसाधन खरिद गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- सरकारी तथा सार्वजनिक घरजग्गा, भवनको केन्द्रीय अभिलेख राख्नुपर्ने र जिल्ला सदरमुकाममा सरकारी भवनहरु आवश्यकताभन्दा बढी भएका र स्थानीय तहमा आवश्यकतानुसार उपलब्ध नभएकोले आगामी दिनमा जिल्ला सदरमुकाममा नयाँ संरचना निर्माण नगरी भएका संरचनाको उचित व्यवस्थापन गर्नुपर्ने र हाल खारेज भएका जिल्लास्तरीय कार्यालयका फर्निचर तथा कम्प्युटरलगायत उपकरणहरु सम्बन्धित प्रदेश कार्यालय तथा स्थानीय तहमा हस्तान्तरण गरी उपयोग गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खर्च भएर नजाने सम्पत्तिको केन्द्रीय तथा विभागीय अभिलेख राखी संरक्षण र उपयोग गर्ने एवं मर्मत सम्भार र लिलाम बिक्रीको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ । लिलामी गर्नुपर्ने सामानहरुको जिल्लागत विवरण एकीकृत गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिलाम बिक्रीसम्बन्धी कारबाही हुनुपर्दछ ।

- सरकारको सेयर ऋणको अभिलेख व्यवस्थित राखी त्यसको प्रतिफल तथा साँवा ब्याज असुलीमा पर्याप्त ध्यान दिनुपर्दछ ।
- सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।
- विद्युत उत्पादनको अनुमति, नवीकरण एवं उत्पादन अनुगमनको व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।
- सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थललगायतमा दर्शनार्थीबाट चढाइने भेटीघाटी व्यवस्थापनमा समस्या देखिएकोले सबै रकम चन्दा बाकसमा सङ्कलन गरी आम्दानी जनाउने, प्राप्त हुने बहुमूल्य धातु तथा पत्थरको तौल र संख्या दुवैको आधारमा आम्दानी बाँध्ने र ती धार्मिक संस्थाको विकास निर्माण सञ्चालनमा खर्च गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।
- पुरातात्विक महत्वका सम्पदा तथा सँग्रहालयहरुमा रहेको बहुमूल्य वस्तुको अभिलेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्दछ ।

१२.७ **सेवा प्रवाहः** सबै सार्वजनिक निकायले सेवाग्राहीका माग र उपलब्ध सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- प्रत्येक निकायले हाल प्रवाह गरिरहेको सेवाको तथ्याङ्कीय अभिलेख राखी निकायको कुल सेवा प्रवाह क्षमता सम्बन्धमा विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणका माध्यमबाट जनशक्ति व्यवस्थापन गर्ने तथा आवश्यक यन्त्रउपकरणको व्यवस्था मिलाई सेवा प्रवाह प्रभावकारी हुने व्यवस्था मिलाउनुपर्दछ ।
- सूचना प्रविधिको प्रयोग मार्फत सेवाग्राहीको समय, दूरी र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसका लागि सार्वजनिक निकायले मोबाइल एप्लिकेशनहरु तथा वेबसाइटको विकास गर्नुका साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सुरक्षित सेवा प्रदान गर्नुपर्दछ ।
- सूचना प्रविधिको पहुँच नभएको र बढी सेवाग्राहीको उपस्थिति हुने स्थानमा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली पुनः लागु गर्नुपर्ने तथा टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।
- सार्वजनिक निकायहरुले गरिरहेका सेवा प्रवाहलाई आधारभूत (Core) र गैरआधारभूत (Non Core) सेवामा छुट्याई आधारभूत कार्य जस्तै नागरिकता, जग्गाधनी प्रमाणपुर्जा, राहदानी जस्ता संवेदनशील सेवाहरु सरकारी निकायले प्रदान गर्ने र गैरआधारभूत कार्यहरु जस्तै युटिलिटी भुक्तानी जस्ता सेवाहरु बाह्य सेवा प्रदायकलाई जिम्मा दिई उक्त सेवा प्रवाहको अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- टेली हेल्थ तथा इ-हेल्थ जस्ता आधुनिक सेवा प्रवाहको व्यवस्था मिलाउनुपर्दछ । यसका लागि छुट्टै हेल्थ कार्ड जारी गरी स्वास्थ्य सेवा प्रवाहलाई छरितो, विश्वसनीय र मितव्ययी बनाउनुपर्ने देखिन्छ ।
- स्वास्थ्य सेवामा सहज पहुँचका लागि जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको मापदण्ड निर्धारण तथा मागको आधारमा आवश्यकता पहिचान गरी समयमा खरिद, औषधिको आपूर्ति र वितरणको व्यवस्था मिलाउनुपर्दछ । निजी अस्पतालको सेवा र शुल्कको अनुगमन तथा नियमन व्यवस्था हुनुपर्दछ । यसको लागि स्वास्थ्य सेवाको नियमनकारी निकाय स्थापना गर्नुपर्दछ ।
- सेवाग्राहीको बढी चाप रहने मालपोत, नापी, वैदेशिक रोजगार, यातायात व्यवस्था लगायतका कार्यालयले प्रदान गर्ने सेवामा मध्यस्थ वा बिचौलीयाहरुको भूमिका निरुत्साहित गर्न आवश्यक कर्मचारी व्यवस्था गरी हेल्पडेस्क सञ्चालन गर्ने तथा सेवा लिने प्रक्रिया र अवधिलाई सकेसम्म कम

गरी अनावश्यक कागजी प्रक्रिया हटाउने व्यवस्था मिलाउनुपर्दछ । अध्यागमन सेवालाई सूचना प्रविधिमा आधारित बनाई ई-भिसा तथा अनुगमन प्रणाली शुरुवात गर्नुपर्दछ ।

- क्षतिपूर्ति सहितको नागरिक बडापत्र राखी सो बमोजिम सार्वजनिक निकायले सेवा प्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।
- शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र लागतप्रभावी बनाउन निःशुल्क पाठ्यपुस्तक समयमा नै सर्वसुलभ वितरण, शिक्षकको तालिम तथा क्षमता अभिवृद्धि, पठनपाठनको गुणस्तर अनुगमन, निजी विद्यालयको शुल्क अनुगमन, प्राविधिक तथा रोजगारमूलक शिक्षालगायतका विषयमा जोड दिनुपर्दछ ।
- बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभाव, कालोबजारीलगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्नुपर्दछ ।
- विकास निर्माण र सेवा प्रवाहसम्बन्धी एउटै काम गर्न विभिन्न निकाय खडा भएको, विभाग र केन्द्रीय कार्यालय, क्षेत्रीय, डिभिजन, जिल्ला, इलाका कार्यालय रहेकोमा पुनरावलोकन गरी संघ, प्रदेश र स्थानीय तहको संगठन चुस्त, छरितो र काममा दोहोरोपन नहुने गरी मिलाउनुपर्दछ ।
- भूकम्पबाट क्षतिग्रस्त निजी, सार्वजनिक र पुरातात्विक संरचनाहरु पुनःनिर्माण भई नसकेको, प्रभावितको तथ्याङ्क यर्थाथपरक नभएको अवस्थालाई निराकरण गर्न अनुदानको अनुगमन, एकद्वार नीति अवलम्बन, प्राविधिक जनशक्तिको परिचालन र कार्यप्रगतिअनुसार अनुदान प्रवाहमा सरलीकरण गर्नुपर्ने देखिन्छ ।
- संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तयार भई कर्मचारी समायोजन भएपछि पनि आवश्यक कार्यालयमा कर्मचारी पदस्थापना नहुने, कतिपय कार्यालयमा बढी कर्मचारी पदस्थापना भई निष्क्रिय बस्ने र काजमा बस्ने जस्ता विषयलाई नियन्त्रण गर्नुपर्दछ ।
- विभिन्न तालिम केन्द्रको कार्य पुनर्संरचना गरी जनशक्तिलाई सक्षम बनाउन व्यावहारिक र कार्यसम्पादनमा आधारित लामो अवधिको तालिम दिने र अनुसन्धानमूलक क्रियाकलापसमेत सञ्चालन हुने गरी केन्द्रीय तालिम केन्द्रहरुलाई सेन्टर अफ एक्सिलेन्सको रुपमा रुपान्तरण गर्नु जरुरी छ ।

१२.८ **राजस्व प्रशासनमा सुधारः** राजस्व सङ्कलन बढ्दै गएपनि राजस्वको प्रक्षेपण, कर लाग्ने कारोबार गर्ने सबै करदातालाई करको दायरामा ल्याउन, कर परिपालनाको स्तर बढाउन, कर उपलब्धि र अनुगमन एवं कर परीक्षण सम्बन्धमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- राजस्व प्रक्षेपणलाई वैज्ञानिक एवं पारदर्शी बनाउने र कर सम्बन्धी कानुनलाई समय सापेक्ष बनाउनुपर्ने देखिन्छ ।
- कूल गार्हस्थ्य उत्पादनको आधार पुनर्मूल्याङ्कन गरी नयाँ व्यवसायहरु प्रवेश भएको सन्दर्भमा समसामयिक सुधार गरी यथार्थ अवस्था यकिन गर्नुपर्दछ ।
- राजस्व प्रशासनले लक्ष्यअनुसार राजस्व असुली गरेको उल्लेख गरे पनि कारोबारमा आधारित मूल्य एवं विश्व भन्सार संगठनको हार्मोनाइज्ड कोडको आधारमा माल वस्तुको घोषणा र महसुल असुलीमा थप प्रभावकारिता ल्याउन भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाई सूचना प्रविधिमार्फत सबै नियमनकारी निकायमा अन्तर आवद्धता गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ ।
- माल वस्तुको खरिद बिक्रीमा बिल लिने दिने, सोको लेखाङ्कन, विवरण र लाग्ने कर स्वयं निर्धारणको कार्यमा अझै सुधार आएको छैन । मूल्य अभिवृद्धि कर क्रेडिट तथा शून्य विवरण बुझाउने र विवरण नबुझाउने करदाताको संख्या बढेको छ भने डेबिट विवरण बुझाउनेको संख्या न्यून रहेको छ । कर परिपालना सम्बन्धी कमजोरी न्यून गर्न बजार सर्वेक्षण तथा अनुगमन, मौज्दात परीक्षण, बिलिङ इन्फोर्समेन्टलगायतका नियन्त्रणात्मक कार्यविधि अवलम्बन गर्नुपर्दछ । बिलिङ्ग सफ्टवयरको

प्रभावकारी कार्यान्वयन गरी आन्तरिक राजस्व विभागसँग तथ्याङ्क आदान प्रदान (लिङ्क) हुने व्यवस्था मिलाउनुपर्दछ ।

- आर्थिक ऐनमा द्रष्टव्य राखी छुट दिने कार्यमा कमी आए पनि यसलाई अझै न्यून गर्ने र राजस्व छुटको लेखाङ्कन गरी प्रतिवेदन गर्ने एवं अन्तर्राष्ट्रिय अभ्यास अनुसरण गर्नुपर्दछ । पटके निर्णयबाट राजस्व छुट दिएको रकम र सोको प्रमाण मूल्याङ्कन नभएकोले छुटको असर विश्लेषण गरी यसमा पुनरावलोकन गर्नुपर्दछ ।
- सञ्चालक सापटी, असुरक्षित ऋण तथा अन्य प्रक्रियाबाट साझेदारहरुले व्यवसायमा रकम उपलब्ध गराउँदा वा लगानी गर्दा उक्त रकम वैधानिक तवरले आर्जन गरी कर तिरेको सुनिश्चित गर्न अनिवार्य रुपमा सञ्चालकले समेत स्थायी लेखा नम्बर लिई कारोबारको स्वयं कर निर्धारण गर्ने पद्धतिको थालनी गर्नुपर्दछ । सबै पेसा तथा व्यवसाय गर्नेको अन्तर निकाय सूचना लिई सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने तथा आय विवरण पेस गरेको प्रमाण पेस भएपछि मात्र स्थायी लेखा नम्बर नवीकरण गर्ने व्यवस्था गर्नुपर्दछ ।
- सामाजिक संजाल, सोसियल मिडिया, अन लाईन व्यवसाय लगायत विद्युतीय कारोबारमा नेपालको कारोबार संरक्षण गर्न नेपालबाट उत्पत्ति भएको कारोबारमा कर लिने गरी कानुनी व्यवस्था मिलाई अन्तर्राष्ट्रियस्तरमा पहल गर्नुपर्दछ ।
- स्थायी संस्थापन, मूल्य हस्तान्तरण, दीर्घकालीन करार, दोहोरो कर मुक्ति सम्झौता र कर मुक्तिको योजनालगायतका विषयमा थप स्पष्टता ल्याउने गरी निर्देशिका बनाउनुपर्ने, परिमार्जन एवं कार्यान्वयनको माध्यमबाट कर चुहावटको जोखिमलाई न्यूनीकरण गर्न प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।
- करदाताहरुको व्यावसायिक लागत घटाई गुणात्मक सेवा प्रदान गर्ने र कर कानुनको पालना गराई कर सहभागिता वृद्धि गर्ने, करदाता वर्गीकरण गरी समान आयलाई समान करको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- आयात, निर्यात, घरजग्गा, वस्तु तथा सेवा बिक्रीमा न्यून बीजकीकरण वा न्यून मूल्याङ्कन रहेकोले नियन्त्रण गर्न अन्तरनिकाय सूचना आदान प्रदान एवं नियमन र कर सूचना व्यवस्थापन प्रणाली स्थापना गरी चुहावट नियन्त्रण गर्नुपर्ने देखिन्छ ।
- कर अनुसन्धानमा कमजोरी रहेकोले जोखिम सूत्रका आधारमा करदाता छनौट गरी कर परीक्षण गर्ने गरेकोमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रशस्त त्रुटि र कर छली भएको पाइएको छ । अनुसन्धान संयन्त्र विकास गरी कर छली नियन्त्रण गर्नुपर्दछ ।
- करपरीक्षण पश्चात विवादको सिर्जना हुने तथा संशोधित कर निर्धारण पश्चात् पुनः संशोधित कर निर्धारण गर्नुपर्ने अवस्थाले कर परीक्षणको गुणस्तरमा असर परेको छ । कर परीक्षणको गुणस्तर अभिवृद्धि गर्न कर प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, जोखिम सूचकको आवधिक पुनरावलोकन गरी निश्चित अवधिमा सबै जोखिमयुक्त करदाता छनौट हुने पद्धतिको अवलम्बन एवं अनुगमन गरी सही कर निर्धारण (Right Taxation) को अवधारण कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- कर निर्धारण पश्चात् लामो समय बक्यौता रहने, विवाद सिर्जना भई मुद्दा मामिला हुँदा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । विवादलाई समयमा नै निरुपण गर्ने एवं विवाद सिर्जना हुने विषयहरुलाई कानुनी रुपमा स्पष्ट गर्ने र सबै कानुनी उपाय अवलम्बन गर्दै कडाइका साथ राजस्व बक्यौता असुली गर्नुपर्दछ ।
- कर लेखापरीक्षकले न्यूनतम रुपमा भिडान गर्नुपर्ने, यकिन गर्नुपर्ने र प्रमाणित गर्नुपर्ने विषय नतोकेकोले लेखापरीक्षकले प्रमाणित लेखा सम्बन्धमा अनुगमन गरी पेसागत दायित्व पालना नगर्ने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।
- कर परीक्षण गरी कर दायित्व कायम गर्दा करदाताले पेस गरेको विवरणको आधारमा कर निर्धारण गरेको, सो विवरण बाहेक कुनै सूचना पाएमा जुनसुकै बखत कर निर्धारण गर्न सकिने शर्त सहित कर

निर्धारण आदेश कर अधिकृतले जारी गर्ने विषयमा सुधार गरी करदाताबाट आय विवरण साथ सबै कारोबार समावेश भएको स्पष्टोक्ति घोषणा गर्राई कर परीक्षण पश्चात् छुटेको कर दायित्वका सम्बन्धमा छानबिन गरी कर दाता, कर लेखापरीक्षक, कर परीक्षण गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

- विशेष किसिमका वस्तु तथा सेवा, मानव स्वास्थ्य र वातावरणलाई प्रतिकूल असर पार्ने क्षेत्रमा अन्तःशुल्क लगाउने तथा अनुत्पादक तथा विलासिताका वस्तुहरुको आयात र उपभोगलाई व्यवस्थित गरी कर लगाउने सम्बन्धमा अध्ययन गर्नुपर्दछ ।
- गैरकरका दर लामो समयदेखि पुनरावलोकन नगरेकोले सेवा प्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई मध्यनजर राखी करका दरहरु समसामयिक बनाउनुपर्दछ ।
- करको दायरा विस्तार एवं आर्थिक कारोबारको क्षेत्र र प्रकृतिमा भएको परिर्वतनसमेतलाई मध्यनजनर राखी कर प्रशासनको उपस्थिति एवं संरचना निर्धारण गर्नुपर्दछ ।

१२.९ **सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुनः** सार्वजनिक जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गरी वित्तीय सुशासन कायम गर्न सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुनमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६,२६ र ३३ मा रहेका जरिवाना सम्बन्धी व्यवस्था समयानुकूल परिमार्जन गर्नुपर्ने, आर्थिक विवरण तयार गर्ने समयावधि कम गर्नुपर्ने, सबै भुक्तानी चेकमार्फत गरी कर्मचारीलाई पेस्की दिने कानुनी व्यवस्था पुनरावलोकन गर्नुपर्दछ ।
- नियन्त्रित निकाय र नियन्त्रक निकायको परिभाषा र जिम्मेवारी तोकी संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ल्याउनुपर्दछ ।
- प्रत्येक मन्त्रालयमा लेखापरीक्षण समिति गठन गर्ने, सम्परीक्षण सम्बन्धमा कानुनी रुपमा स्पष्ट गर्नुपर्ने, निर्माण कार्य शुरु भएको प्रमाणको आधारमा पेस्की प्रदान गर्ने बिषयमा सुधार हुनुपर्दछ ।
- निर्माण कार्यको पेस्कीको सीमा घटाउने, पेस्कीमा ब्याज लिने व्यवस्था गर्ने र परामर्श सेवामा कार्यसम्पादन जमानतको व्यवस्था गर्नुपर्दछ ।
- सबै कार्यालयले प्रयोग गर्ने मसलन्दलगायतका सामग्रीमा एकीकृत ठेक्का व्यवस्थापनबाट दर निर्धारण गर्ने र बोलपत्र पेस गर्ने समयावधि कम गर्ने व्यवस्था गर्ने कानुनमा सुधार गर्नुपर्दछ ।
- आयोजना व्यवस्थापन गर्दा आयोजना सम्पन्न भएपछि निश्चित अवधिसम्म निर्माण व्यवसायीलाई मर्मत कार्यको जिम्मा दिँदा निर्माण कार्य गुणस्तरीय र कम्तीमा उक्त अवधिसम्म संरचना दिगो हुन जाने देखिएकोले निर्माण र मर्मत विधि अवलम्बन गर्न खरिद कानुनमा आवश्यक संशोधन गर्नुपर्दछ ।
- सम्झौताबमोजिम समयमा काम सम्पन्न नभएमा कार्य सम्पन्न हुन नसक्नाको कारण र जिम्मेवार पक्ष स्पष्ट उल्लेख गरी सुरु सम्झौता अवधिको निश्चित समयभन्दा बढी म्याद थप नगर्ने, ढिलाइको जिम्मेवारी पहिचान गर्ने आधार र लागत अनुमानबमोजिमको काम सम्पन्न गर्ने समयावधि तोक्ने सूत्र/विधि सार्वजनिक खरिद नियमावलीमा राख्नुपर्दछ । साथै ठेक्का सम्झौता अन्त्य गर्न सकिने व्यवस्थालाई थप स्पष्ट र व्यावहारिक बनाउनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावलीमा निर्माण कार्यको त्रुटिपूर्ण ड्रइङ, डिजाइन वा लागत अनुमान तयार गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउने भनिए पनि स्पष्ट आधार र मापदण्ड निर्धारण गर्न नसक्दा सो परिपाटी नियन्त्रण हुन नसकेकोले स्पष्ट जिम्मेवारी तोकी कडा कानुनी व्यवस्था गर्नुपर्दछ ।
- न्यून कबोल गरी कार्य नगर्ने जोखिमलाई न्यून गर्न थप जमानत राख्ने व्यवस्था गरे पनि न्यून कबोल गर्ने प्रचलनमा सुधार भएको छैन । यसबाट कामको गुणस्तरमा समेत असर पर्ने स्थिति छ । लागत अनुमानभन्दा अत्यधिक न्यून कबोल गर्ने प्रचलनलाई नियन्त्रण गर्न सबै प्रभावग्राही बोलपत्रदातामध्ये लागत अनुमानभन्दा अत्यधिक, सबैभन्दा उच्च र अत्यधिक न्यून कबोल गर्नेलाई हटाई बाँकी

बोलपत्रदाताका औसत कबोल अङ्कको नजिक हुने बोलपत्रदाताको बोलपत्र स्वीकृत हुने व्यवस्था गर्नुपर्दछ । यस प्रयोजनको लागि नियमावलीमा नै सूत्र राख्ने व्यवस्था हुनुपर्दछ ।

- एउटै निर्माण व्यवसायीले क्षमताभन्दा धेरै काम लिई समयमा कार्य सम्पन्न नगर्ने अवस्थालाई निराकरण गर्न बोलपत्रको मूल्याङ्कनको क्रममा निर्माण व्यवसायीको कुल क्षमता मूल्याङ्कन गरी विगतमा सम्झौता गरी कार्यान्वयन चरणमा रहेका ठेक्काको परिमाणको आधारमा निश्चित अङ्क कट्टा गर्ने वा निर्माण व्यवसायीले आफ्नो पुँजी, उपकरण, जनशक्तिको आधारमा लिनसक्ने अधिकतम कामको परिमाण तोक्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- ठूला सार्वजनिक निर्माणको कार्यस्थलमा सो काम जिम्मा लिने निर्माण व्यवसायी, सोको ठेक्का अङ्क, सम्पन्न गर्नुपर्ने समयावधिको अलावा सो कामको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, कामको रेखदेख गर्ने र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने पदाधिकारीको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था नियमावलीमा गर्नुपर्ने देखिन्छ ।

१२.१० **वित्तीय उत्तरदायित्व पालनाः** प्रचलित कानुनी व्यवस्था अनुसार जिम्मेवार पदाधिकारीले तोकिए बमोजिमको जिम्मेवारी पूरा नगरेको कारण वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्न तथा सार्वजनिक खर्चको उचित प्रतिफल प्राप्त गर्न समस्या देखिएको छ । यस सम्बन्धमा देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

- संघ, प्रदेश र स्थानीय तहबाट सम्पादित कार्यको सम्पूर्ण जिम्मेवारी र उत्तरदायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत हुने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- निकायले गरेको सार्वजनिक खर्च र सम्पादित कार्यको नतिजा मूल्याङ्कन गर्ने तथा देखिएका कमी-कमजोरी प्रति जिम्मेवार पदाधिकारी सहित सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।
- निर्वाचित/मनोनित पदाधिकारीबाट भएको निर्णयप्रति उत्तरदायी बनाई उक्त निर्णयबाट कुनै सरकारी हानि-नोक्सानी हुन गएमा कारबाही हुने गरी कानुनी व्यवस्थामा सुधार गर्नुपर्दछ ।
- सार्वजनिक संस्थान र निश्चित रकमभन्दा माथिका आयोजना कार्यान्वयनका सूचकहरु तयार गरी सोका आधारमा कार्यसम्पादन सम्झौता गरी संस्थान प्रमुख तथा आयोजना प्रमुखको नियुक्ति गर्नुपर्ने, साथै संस्थान वा आयोजनाको आवधिक मूल्याङ्कन गरी सम्पादित कार्य प्रति निजलाई जिम्मेवार बनाउने पद्धतिको अवलम्बन गर्नुपर्दछ । सार्वजनिक संस्थान प्रमुखहरुको अभिलेख राखी जिम्मेवारी निर्वाहमा उदासीनलाई पुनः नियुक्ति नगर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- निश्चित तहभन्दा माथि कार्यरत कर्मचारी तथा राजनैतिक पदाधिकारीको वित्तीय उत्तरदायित्व पालना स्थितिको मूल्याङ्कन गर्ने र सोका आधारमा मात्र अन्य सार्वजनिक पद धारण गर्न सक्ने व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।
- तोकिएको समयमा लेखा विवरण पेस नगर्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण नगराउने, सरकारी तथा सार्वजनिक सम्पत्ति, नगदी तथा जिन्सी सामानको दुरुपयोग गर्ने लगायत सार्वजनिक हित विपरीत कार्य गर्ने कर्मचारी/पदाधिकारीलाई विभागीय कारबाही हुने अवस्थालाई सुनिश्चित गर्नुपर्दछ ।
- प्रचलित कानुनको परिपालनामा अभिवृद्धि ल्याउने, उत्तरदायी हुने संस्कृतिको विकास गरी दण्डविहीनताको अन्त्य हुनुपर्दछ । निर्वाचित तथा सार्वजनिक पदमा नियुक्त पदाधिकारी, कर्मचारी तथा सेवा प्रवाहमा संलग्न व्यक्ति, संस्था आफूले गरेको निर्णय तथा कार्यको जवाफदेहिता र जिम्मेवारी वहन गर्ने सम्बन्धमा कानुनमा व्यवस्था गर्नुपर्दछ ।
- बेरुजू फछ्यौंट सम्बन्धमा अनुगमन एवं मूल्याङ्कनका लागि समिति गठन भई साविकको बेरुजू फछ्यौंट गर्न लक्ष्य निर्धारण गरी लक्ष्यअनुसार प्रगति हासिल भए नभएको अनुगमन गर्ने गरेको छ । हाल बेरुजू फछ्यौंटको अनुगमन गर्दा बेरुजू अङ्कलाई मात्र आधार मान्ने गरेको छ । साविकको बेरुजू फछ्यौंट गर्ने तर पुनः सोही प्रकृतिको घटना वा व्यवहारमा सुधार नगर्ने अवस्था छ । जसले गर्दा

एउटै प्रकृतिको बेरुजू बारम्बार दोहोरिरहेको देखिन्छ । सम्बन्धित जिम्मेवार पदाधिकारीले तोकेको समयभित्रै सुझाव कार्यान्वयन गर्ने, बेरुजू फछ्यौंट गर्ने र यस सम्बन्धमा तालुक निकायले अनुगमन गर्नुपर्दछ ।

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ ले अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमित, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र गरेका कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । उक्त कानुनी व्यवस्था पालना नभएको कारणले नै बेरुजू हुने गरेको छ । अतः बेरुजू कायम भएपछि फछ्यौंट गर्नेतर्फ भन्दा बेरुजू आउनै नदिने व्यवस्था गरिनुपर्छ ।
- सार्वजनिक लेखा समितिले गरेका निर्णय कार्यान्वयन नगर्ने, लेखापरीक्षण नै नगराउने, कार्यसम्पादन सम्झौता गरे पनि सो अनुरुप काम कारबाही नहुने अवस्थालाई न्यून गर्न कर्मचारी एवं निर्वाचित पदाधिकारीले गरेको निर्णय जवाफदेहिता लिनुपर्ने र दुरुपयोग भएमा कारबाही हुने व्यवस्थासहित वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन तर्जुमा गर्नुपर्दछ ।
- वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महालेखापरीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, केन्द्रीय तथ्याङ्क विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल राष्ट्र बैङ्क जस्ता नियमनकारी निकायबीच सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१२.११ **सूचना प्रविधिको उपयोगः** परिवर्तित सन्दर्भमा सूचना प्रविधिको उपयोग मार्फत सूचना आदान प्रदान, सङ्कलन, सेवा प्रवाह, पारदर्शिता र निर्णय प्रक्रियालगायतका विषयलाई समय र लागत प्रभावी बनाउन ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

- अन्तरसम्बन्धित निकायको कार्य सम्पादनमा सहयोग पुग्ने महत्वपूर्ण सूचनाहरु आदान-प्रदान र उपयोग गर्ने पद्धतिको विकास गरी निकायको कार्यप्रक्रियासँग आवद्ध गरी कार्यसम्पादन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।
- सरकारी निकायमा प्रयोग भइरहेका सूचना प्रविधि सफ्टवेयरहरुमा एकरुपता ल्याउन उपयुक्त सरकारी सूचना प्रविधि आर्किटेक्चर तयार गरी सबै सफ्टवेयर सोही आर्किटेक्चरमा तयार गर्ने र सूचना प्रविधि विभागबाट स्वीकृत गर्ने व्यवस्था गरिनुपर्दछ ।
- सरकारी निकायमा प्रयोग भइरहेको सफ्टवेयरहरुको सूचना प्रविधि लेखापरीक्षण गरी इन्पुट, प्रोसेस र आउटपुट सुरक्षित र भरपर्दो रहेको सुनिश्चित हुनुपर्दछ । सूचना प्रविधिको माध्यमबाट सूचनाहरु सार्वजनिक गरी निकायसँग सम्बन्धित कार्यमा पारदर्शिता र जवाफदेहिता सिर्जना गर्ने तथा सुशासन प्रवर्द्धनमा सहयोगी हुने गरी प्रभावकारी र बाध्यात्मक बनाउनुपर्दछ ।
- नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने तथा सार्वजनिक सरोकारका विषयमा नागरिक सचेतना अभिवृद्धि गर्न उपयुक्त सूचना प्रणालीको विकास र कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।
- सार्वजनिक निकायको कार्य प्रकृति अनुसार सेवा प्रवाहसँग सम्बन्धित उपयुक्त सूचना प्रविधिको विकास गरी समान कार्य प्रकृति भएका निकायले एउटै सूचना प्रविधि प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२.१२ **लेखाङ्कन तथा प्रतिवेदन प्रणालीः** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- नेपाल सरकारबाट २०६६।५।३० मा सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को कार्यान्वयन गर्ने निर्णय भएको छ । उक्त मानदण्ड लागू गर्ने कार्यमा ढिलाई भएकोले कार्य योजना बनाई लागू गनुपर्दछ । अन्तर्राष्ट्रियस्तरमा नगदमा आधारित लेखामान (इप्सास) लागू भैसकेकोले सोको आधारमा लेखा तथा लेखाङ्कन प्रणाली अद्यावधिक गर्नुपर्दछ । यो लेखा तथा लेखाङ्कन प्रणाली संघ, प्रदेश र स्थानीय तहमा समेत कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।
- नेपालको संविधानले महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने सबै निकायको लेखाको ढाँचा महालेखापरीक्षकले तोक्ने व्यवस्था गरे तापनि महालेखापरीक्षकको स्वीकृति नलिई विभिन्न निकायले छुट्टा-छुट्टै लेखासम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याएका छन् । त्यस्ता सफ्टवेयरको प्रयोग सम्बन्धमा पूर्व स्वीकृति लिनुपर्दछ ।
- लेखाङ्कनका लागि प्रयोगमा रहेको कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई पूर्ण कार्यान्वयनमा ल्याई लेखाका गोश्वारा भौचर, खाता र वार्षिक आर्थिक विवरण स्वचालित रुपमा तयार हुने तथा न्यूनतम आधारभूत लेखासम्बन्धी कागजात अपलोड हुने व्यवस्थासमेत मिलाउनुपर्दछ । यस प्रणालीको अतिरिक्त प्रदेश तथा स्थानीय तहको कारोबार समेतलाई समेट्ने एकीकृत प्रतिवेदनको सफ्टवेयर लागू गरी वित्तीय प्रतिवेदन प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ ।
- महालेखा नियन्त्रकबाट स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को कार्यान्वयन नगरेकोले संघ, प्रदेश र स्थानीय तहले तत्काल प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- नगदमा आधारित वित्तीय प्रतिवेदन प्रणालीबाट प्रोदभावी (एक्रुअल) लेखा प्रणालीमा आधारित वित्तीय प्रतिवेदन प्रणालीमा रुपान्तरण गर्ने सम्वन्धमा आवश्यक पहल गर्नुपर्दछ ।
- स्थानीय तहले समेत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राखी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँड हुने राजस्वको लागि संघ, प्रदेश र स्थानीय तहमा विभाज्य कोष खडा गर्ने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा बाँडफाँड गर्ने र विभाज्य कोषलाई दायित्वको रुपमा लेखाङ्कन गरी वर्षान्तमा शून्य मौज्दात हुने व्यवस्था मिलाउनुपर्दछ ।
- प्रदेश तथा स्थानीय तहको आम्दानी र खर्चलाई संघीय वित्तीय प्रतिवेदनमा एकीकृत हुने व्यवस्था मिलाई एकीकृत वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

१२.१३ **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षणः** सार्वजनिक स्रोत साधनको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण बनाई आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन एवं आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- संघ, प्रदेश तथा स्थानीय तहले क्षेत्रगत रुपमा आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विकास निर्माण, कार्यक्रम कार्यान्वयन, प्रशासनिक खर्च व्यवस्थापन सम्बन्धमा पुनरावलोकन गरी मापदण्ड निर्धारण गर्नुपर्दछ ।
- संघ, प्रदेश तथा स्थानीय तहका सार्वजनिक निकाय र संगठित संस्थाहरुले सम्बन्धित कानुन, आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम बमोजिम हासिल गर्नुपर्ने संस्थागत उद्देश्य प्राप्त गर्ने क्रममा आउन सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी तीव्रता र परिमाणको आधारमा प्राथमिकता निर्धारण गरी ती विषयलाई व्यवस्थापन गर्न आवश्यक रणनीति वा कार्यनीति सहितको जोखिम व्यवस्थापन प्रणालीको विकास गर्नुपर्दछ ।
- सार्वजनिक निकाय र संगठित संस्थाहरुले आर्थिक कार्यविधि ऐन, नियम तथा अन्य विषयगत तथा क्षेत्रगत कानुन र आवधिक तथा वार्षिक नीति तथा कार्यक्रममा भएका व्यवस्था बमोजिम सेवा प्रवाह, कार्यक्रम सञ्चालन, आयोजना व्यवस्थापन र आर्थिक कारोबार गर्दा पालना गर्नुपर्ने नियन्त्रण व्यवस्था र

विषयगत तथा क्षेत्रगत सार्वजनिक निकायहरुलाई लागू हुने नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्दछ । यसरी स्थापित नियन्त्रण प्रणालीको कार्यान्वयनको निरन्तर तथा आवधिक अनुगमन मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणको आधारमा जिम्मेवार व्यक्तिलाई आवश्यकताअनुसार दण्ड, पुरस्कार तथा क्षमता अभिवृद्धिको व्यवस्था गर्दै जाने प्रणाली विकास गर्नुपर्दछ ।

- सार्वजनिक निकाय र संगठित संस्थाहरुले जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न काम, कर्तव्य, जिम्मेवारी, प्रतिवेदन गर्नुपर्ने तह, समय, तरिका, स्वरुप र उपलब्ध हुने भौतिक स्रोत साधन सहित स्पष्ट कार्यक्षेत्रगत अधिकार निश्चित गरेको संस्थागत संरचना तयार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षणको प्रभावकारिता, आन्तरिक लेखापरीक्षणको कार्यात्मक स्वतन्त्रता कायम राख्न तयार गरेको संगठनात्मक व्यवस्था, पेसागत सक्षमता, मार्गदर्शन, मानदण्ड, निर्देशिकाको उपलब्धता र क्षमता अभिवृद्धि कार्यक्रम, कार्यविधि तथा सुपरिवेक्षणका तरिकाहरु र आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनमा भर पर्दछ । आन्तरिक लेखापरीक्षणको अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा नेपालको वर्तमान आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र र सक्षम बनाउने, मापदण्ड र निर्देशिकाको प्रभावकारी कार्यान्वयन एवं कर्मचारीको क्षमता विकास, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरभिजन र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामध्ये केहीको आफ्नै आन्तरिक लेखापरीक्षण इकाई मार्फत र केहीले इजाजत प्राप्त लेखा व्यवसायी नियुक्त गरी आन्तरिक लेखापरीक्षण गराउने गरेका छन् । ती निकायको आन्तरिक लेखापरीक्षण स्वतन्त्र एवं गुणस्तरीय रुपमा समयमा सम्पन्न गर्न आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।
- आन्तरिक लेखापरीक्षणले नियमितता एवं आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धमा ध्यान दिने गरी आन्तरिक लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण, गुणस्तर, पुनरावलोकन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सरकारी र अन्य क्षेत्रका सबै सार्वजनिक निकायहरुको आन्तरिक लेखापरीक्षणलाई सञ्चालन र व्यवस्थापकीय जिम्मेवारीवाट अलग गरी स्वतन्त्र र पेसागत बनाउन संगठनात्मक संरचनामा समेत सुधार गर्नुपर्दछ ।
- चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था कार्यान्वयन हुन नसकेको सन्दर्भमा आन्तरिक लेखापरीक्षण निर्देशिकाले तोकेको समयमा लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेका कारण महालेखापरीक्षकको कार्यालयबाट नियमितताको परीक्षणमा बढी स्रोत र समय खर्चिनु परेको छ । आन्तरिक लेखापरीक्षण प्रभावकारी भएमा नियमितताको परीक्षण महालेखा नियन्त्रक कार्यालयबाट गर्न सकिने हुँदा महालेखापरीक्षकको कार्यालय कार्यमूलक लगायत विशेष लेखापरीक्षणमा केन्द्रित रहन सक्नेछ ।

१२.१४ **अन्तिम लेखापरीक्षणः** वित्तीय व्यवस्थापन पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्न अन्तिम लेखापरीक्षणमा देहायको सुधार गर्नुपर्ने देखिन्छः

- सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्र संघको महासभाले पारित गरेका प्रस्तावहरुले सम्बोधन गरे बमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध हुने अवस्था सिर्जना गर्नुपर्दछ । लेखापरीक्षणको प्रभावकारिता बढाउन कार्य वातावरणमा सुधार ल्याउन आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाई यस्ता पूर्वाधारलाई सूचना प्रविधिमैत्री बनाउनुपर्दछ ।

- कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज, सरोकारवाला वा सम्बद्ध पक्षलाई संलग्न गराइएको छ । कार्यमूलक लेखापरीक्षण गरिने विषयको छनौट र सोको लागि आवश्यक पर्ने सूचना प्राप्ति गर्ने, लेखापरीक्षणमा प्रमाण प्राप्त गर्ने, लेखापरीक्षणका व्यहोरालाई आम जनताको तहमा सञ्चार गर्ने र लेखापरीक्षण कैफियतहरुको समयमै सुधार गर्न नागरिक तहबाट दवाव सिर्जना गर्ने जस्ता कार्यहरुमा सरोकारवाला पक्षहरुको महत्वपूर्ण भूमिका हुने भएकोले यस किसिमको नागरिक समाज र सरोकारवालाको संलग्नतालाई लेखापरीक्षणको सबै प्रक्रियामा अभ्यास गर्दै विस्तार गर्नुपर्दछ ।
- कार्यालयले अंगीकार गरेको लेखापरीक्षणको नीति, मानदण्ड र कार्यविधिलाई अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा अद्यावधिक गरी लेखापरीक्षण प्रक्रियामा सुधार गर्ने र लेखापरीक्षणमा उच्च नैतिकता एवं सदाचारितामा ह्रास आउन नदिई लेखापरीक्षणको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।
- हालको सबै खर्च इकाईको स्थलगत लेखापरीक्षण गर्ने प्रणालीलाई पुनरावलोकन गरी लेखापरीक्षण गर्नुपर्ने निकायहरुलाई नियन्त्रक निकाय र नियन्त्रित निकायमा वर्गीकरण गरी नियन्त्रक निकाय अन्तर्गत रहेका कार्यालयहरुको लेखापरीक्षण जोखिममा आधारित भई नियन्त्रक निकायको लेखापरीक्षण गर्दा समावेश गर्ने र नियन्त्रित निकायको जिम्मेवारी नियन्त्रक निकायले लिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- लेखापरीक्षणको गुणस्तर नियन्त्रण व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा सुपरीवेक्षकीय भूमिकालाई सुदृढ गर्दै लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने कार्यको संगठनात्मक क्षमता र दायरालाई बढाउनुपर्दछ । बाह्य लेखापरीक्षकहरुमार्फत गराइने लेखापरीक्षणको समेत नजिकबाट सुपरिवेक्षण गरिनुपर्दछ ।
- लेखापरीक्षणमा प्राविधिक विशेषज्ञहरुको संलग्नता बढाउने, सूचना प्रविधिको प्रयोगबाट लेखापरीक्षण प्रक्रिया सरल, मितव्ययी र छरितो बनाउने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।
- लेखापरीक्षणको गुणस्तर लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको पेसागत ज्ञान, सीप र अनुभवमा भरपर्ने भएकोले कर्मचारी क्षमता विकास कार्यलाई उच्च महत्व दिँदै आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका लागि लेखापरीक्षण उत्कृष्टता केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ ।
- अन्तिम लेखापरीक्षण वित्तीय तथा नियमितताको लेखापरीक्षणमा मात्र सीमित नरही आई पर्नसक्ने आपतकालीन अवस्था र नव विकसित घटनाक्रमहरुको लेखापरीक्षणमा केन्द्रित हुनुपर्दछ । कार्यमूलक लेखापरीक्षण लगायत दिगो विकास लक्ष्य कार्यान्वयन, वातावरणीय, सूचना प्रविधि, फरेन्सिक, सामयिकजस्ता विषयको लेखापरीक्षणमा जनशक्ति परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।
- विद्यमान संघीय संरचनाअनुरुप प्रदेश तहसम्म कार्यालयको भौगोलिक उपस्थितिको लागि कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्नुपर्ने देखिन्छ ।
- लेखापरीक्षणलाई पारदर्शी, खुला र समावेशी बनाउन वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित सरकारी निकाय, नियामक निकाय, पेसागत संघ संगठनहरु, नागरिक समाज, विषयगत क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरु, आम सञ्चारजगतसँग नियमित अन्तरक्रिया गर्ने, सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।
- व्यवस्थापिका र संसदीय समितिसँगको सम्बन्ध प्रभावकारी बनाउने, आम नागरिकमा लेखापरीक्षण नतिजाको पहुँच बढाउन सार्वजनिक सञ्चार माध्यमको प्रयोग एवं सरोकारवालासँग नियमित अन्तरक्रिया र समन्वय कायम गर्नुपर्दछ ।

१२.१५ **प्रदेश तहको वित्तीय व्यवस्थापनः** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार एवं स्रोत साधनको उपयोगलाई प्रभावकारी बनाउन देहाय बमोजिम सुधार गर्नुपर्दछः

- बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गरी अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागु गर्नुपर्दछ ।
- दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी सो लक्ष्य प्राप्तिका लागि मध्यकालीन प्रदेशस्तरीय लक्ष्य सूचक निर्धारण गरी संघीय सरकारसँग समन्वयात्मक ढङ्गले काम गर्नुपर्दछ ।
- प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा प्रवाहित गर्नुपर्ने, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्ने र सो अनुरुप खरिद कारबाहीलाई प्रतिस्पर्धी एवं मितव्ययी बनाई बजेट कार्यान्वयन, त्रिवर्षीय खर्च प्रक्षेपणको आधारमा बजेट विनियोजन गरी विकास आयोजना सञ्चालन गर्ने, विकास निर्माण र सेवा प्रवाहमा अनुगमन गर्न प्रभावकारी अनुगमन संयन्त्रको विकास गर्नुपर्दछ ।
- नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै प्रदेशका पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गर्नुपर्दछ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तह समेतको चौमासिक आय व्यय विवरण सङ्कलन गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्दछ ।
- प्रचलित प्रदेश कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ ।
- महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चित कोष हिसाब तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- प्रदेश तहको वार्षिक प्रतिवेदन प्रदेश सभामार्फत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२.१६ **स्थानीय तहको वित्तीय व्यवस्थापनः** स्थानीय तहको वित्तीय व्यवस्थापन तथा स्रोत साधनको उपयोगलाई प्रभावकारी बनाउन देहाय बमोजिम सुधार गर्नुपर्दछः

- तोकिएबमोजिम ऐन तथा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउनुको अतिरिक्त सार्वजनिक खरिद कानुनको परिपालना गर्नुपर्दछ ।
- आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित क्षेत्रमा राजस्व संकलन गर्ने सम्बन्धमा राष्ट्रिय मापदण्ड तयार गरी सबै स्थानीय तहले एकरुपता हुने गरी आन्तरिक आय संकलनलाई व्यवस्थित, प्रभावकारी र विश्वसनीय बनाउनुपर्दछ ।
- स्थानीय तहको कार्य सञ्चालनसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली तयार गरी त्यसको कार्यान्वयन, स्वीकृत दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन राजनैतिक पदाधिकारी र कर्मचारी बीचको जिम्मेवारी र जवाफदेहिता स्पष्ट पारी निजहरुको कार्य/निर्णयप्रति जिम्मेवार र जवाफदेही बनाउनुपर्दछ ।
- स्थानीय तहको बजेट तर्जुमा, निर्माण र कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाई स्थानीय तहका प्राथमिकता प्राप्त क्षेत्र पहिचान गरी सोका आधारमा निश्चित रकम भन्दा माथिका योजना छनौट र सञ्चालनमा ध्यान दिनुपर्दछ । कार्यक्रम तथा योजना सञ्चालन गर्दा दिगोपना एवं उपलब्धि हासिल हुने क्षेत्रमा मात्र लगानी गर्नुपर्दछ ।

- आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य, शिक्षा, कृषि, पशु लगायतका क्षेत्रगत विषयका सेवा प्रवाहलाई श्रम, समय र लागत प्रभावी बनाउने उपाय अवलम्बन गर्नुपर्दछ ।
- स्थानीय तहबाट निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत हुने गरेको अवस्था छ । उपभोक्ता समितिबाट भएको कार्य, त्यसको गुणस्तर तथा लागत सहभागिता सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ । साथै जनसहभागिता आवश्यक नपर्ने जटिल प्रकृतिको मेसिनरी तथा प्रविधिको प्रयोग गर्नुपर्ने कार्य र सामान खरिद केन्द्रित योजनामा उपभोक्ता समितिको प्रयोग न्यून गर्नुपर्दछ ।
- सञ्चालित योजनाको प्रभावकारी अनुगमन गरी त्यसको गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो चौमासिक र असार महिनामा अत्याधिक खर्च गर्ने एवं अनुत्पादक खर्च तथा निजी प्रकृतिका संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- स्थानीय तहमा बढ्दो चालु खर्च र पदाधिकारी सुविधा तथा अन्य भुक्तानीमा मितव्ययिता कायम गर्न पदाधिकारी एवं कर्मचारीले प्राप्त गर्ने सुविधा सम्बन्धमा राष्ट्रिय रुपमा नै मापदण्ड तयार गरी सबै स्थानीय तहले एकरुपता हुने गरी प्रयोगमा ल्याउनुपर्दछ ।
- स्थानीय तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्न अधिकांश सेवा वडा कार्यालयबाट प्रवाह गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवासम्बन्धी मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था तथा आवधिक रुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ । जिल्ला समन्वय समितिले स्थानीय तहले प्रदान गर्ने सेवाको गुणस्तर, सेवाशुल्क, सेवा प्रवाहको प्रक्रिया सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।
- स्थानीय तहको न्यायिक समितिमा दर्ता भएका विवादहरु तोकिएको समयमा फछ्यौंट गरी विवाद समाधान कार्यलाई नतिजामुखी बनाउनुपर्दछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेख अद्यावधिक र लगत कट्टा गर्ने पद्धतिलाई व्यवस्थित र विश्वसनीय बनाउनुपर्दछ ।
- स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणको स्वतन्त्रताको लागि सबै स्थानीय तहको लेखापरीक्षण गर्न प्रदेश वा जिल्ला तहमा स्वतन्त्र आन्तरिक लेखापरीक्षण निकायको व्यवस्था हुनुपर्दछ ।
- स्थानीय तहको बेरुजू फछ्यौंट गर्ने प्रयोजनको लागि स्वार्थ बाझिने व्यवहार हुन नदिने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

१२.१७ **संगठित संस्थाको व्यवस्थापनः** संगठित संस्थाको समग्र वित्तीय व्यवस्थापनमा सुधार गर्न देहायबमोजिम गर्नुपर्ने देखिन्छः

- सार्वजनिक संगठित संस्था तथा समितिले नियमित रुपमा लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ । तोकिए बमोजिम समयमै लेखापरीक्षण नगराउने सार्वजनिक संगठित संस्था तथा समितिका जिम्मेवार व्यक्ति र शासकीय भूमिकामा रहेका व्यक्तिलाई आवश्यक कारबाही गर्न सम्वन्धित मन्त्रालयले विशेष भूमिका खेल्नुपर्दछ ।
- सार्वजनिक संगठित संस्था तथा समितिले नेपालमा लेखा व्यवसाय नियमन गर्ने अधिकार प्राप्त निकायले तोकेको वित्तीय प्रतिवेदन प्रणाली अनुरुप वित्तीय विवरण तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सरकारले सार्वजनिक संगठित संस्था तथा समिति स्थापनाको उद्देश्य अनुरुप त्यस्ता निकायहरु सञ्चालन भएका छन छैनन्, वर्तमान अवस्थामा ती संस्थाको सान्दर्भिकता छ छैन, त्यस्ता संस्थाले प्रवाह गर्ने सेवाको उपलब्धता र गुणस्तर, ती संस्थाको व्यावसायिक सफलता जस्ता विषयहरुको नियमित अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।
- संगठित संस्थामा सरकारले ठूलो रकम लगानी गरेकोमा ती संस्थाबाट सरकारलाई प्राप्त हुने प्रतिफल न्यून देखिएको छ । त्यस्ता संस्थाले आम जनतामा पुर्‍याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको

मूल्याङ्कन एवं लगानीको समीक्षा गरी व्यवस्थापनमा सुधार गर्ने वा अन्य उपयुक्त विकल्प अवलम्बन गर्नु जरुरी छ ।

- अधिकांश स्वामित्व भएका संस्थाहरुको अभिलेख अद्यावधिक गरी महालेखापरीक्षकको कार्यालयलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्न महालेखापरीक्षकको परामर्श लिनुपर्ने कानुनी व्यवस्था भएतापनि केही संस्थाले मात्र यस्तो परामर्श लिएका छन् भने अधिकांश संस्थाले परामर्श माग गर्ने गरेका छैनन् । अतः कानुनबमोजिम लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्ने र लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१२.१८ **अनुगमन, संपरीक्षण र निर्णय कार्यान्वयनः** आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १९ अनुसार अन्तिम लेखापरीक्षण हुँदा कायम भएको बेरुजूको जवाफ पेस गर्ने, नियमित गर्ने वा असुल गरी फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने, सोअनुसार गरे नगरेको सम्बन्धमा अनुगमन गरी फछ्यौंट गर्न लगाउने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ ।

- लेखापरीक्षणबाट कायम भएको बेरुजू ३५ दिनभित्र प्रतिक्रिया साथ प्रमाण जुटाई फछ्यौंट गराउने, उक्त अवधिमा फछ्यौंट नभएमा म्याद थपको लागी माग गर्ने र थप अवधिमा फछ्यौंट गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

- लेखापरीक्षणबाट औल्याएको बेरुजूको लगत राखी समयमा फछ्यौंट गराउने र एक वर्षभत्र फछ्यौंट हुन नसकेका बेरुजूलाई केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाई सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- आर्थिक कार्यविधि ऐन, नियमावलीमा अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजू एक वर्ष पश्चात् सम्परीक्षण गर्ने नगर्ने सम्बन्धमा स्पष्ट नभएकोले स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०० बमोजिम लेखा उत्तरदायी अधिकृतले बेरुजू नियमित गर्न सक्ने व्यवस्था छ । बेरुजू नियमित गर्दा सो सम्बन्धमा सुधार भएनभएको समेत यकिन गर्नुपर्ने र एक पटक नियमित गरेको व्यहोरा पुनः दोहोरिएमा कारबाही गर्ने व्यवस्था थप गर्नुपर्दछ ।

- बेरुजू फछ्यौंटको लागि मुख्य सचिवको अध्यक्षतामा बेरुजू फछ्यौंट अनुगमन समितिको गठन हुने व्यवस्था भए तापनि उक्त समितिले अनुगमनको अतिरिक्त बेरुजू फछ्यौंटको लक्ष्य तय गरेको छ । एक वर्षभत्र राफसाफ गर्नुपर्ने विषयलाई प्रत्येक वर्षलक्ष्य तोकी फछ्यौंटको अनुगमन गर्ने कार्यले बेरुजू फछ्यौंटमा अपेक्षाकृत सुधार भएको देखिदैंन । कानुनको व्यवस्थाको कार्यान्वयन गरी १ वर्षभत्र सबै बेरुजू फछ्यौंट गर्ने व्यवस्था गर्नुपर्दछ । बेरुजू फछ्यौंटको लक्ष्य तोक्दा लगती बेरुजूलाई मात्र लिने गरेको देखिन्छ । सबै बेरुजूको उत्तिकै महत्व हुने भएकोले सैद्धान्तिक बेरुजूको समेत अनुगमन गर्नुपर्दछ ।

- सार्वजनिक लेखा समितिले गरेका निर्णय तथा निर्देशनको अभिलेख तयार गर्ने र कार्यान्वयन सम्बन्धमा आवधिक रुपमा सम्बन्धित मन्त्रालय/निकायबाट प्रतिवेदन लिने व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२०७६।४।३० सम्ममा पदपूर्ति स्थिति

सि.नं.	पदको नाम	दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या	पदपूर्ति मध्ये	
					महिला	पुरुष
१.	उप महालेखापरीक्षक	४	४	०	१	३
२.	नायब महालेखापरीक्षक	१४	१४	०	१	१३
३.	निर्देशक	८५	८२	३	०	८२
४.	विशेषज्ञ निर्देशक	१	१	०	०	१
५.	सूचना प्रविधि निर्देशक	१	१	०	०	१
६.	कानुन निर्देशक	१	१	०	०	१
७.	लेखापरीक्षण अधिकारी	२५५	१९३	६२	२९	१६४
८.	कम्प्युटर अधिकृत	२	०	२	०	०
९.	कानुन अधिकृत	२	०	२	०	०
१०.	टेलिफोन अधिकृत	१	१	०	०	१
११.	लेखापरीक्षण अधीक्षक	१३०	११७	१३	२९	८८
१२.	टेलिफोन अपरेटर	१	१	०	१	०
१३.	कम्प्युटर अपरेटर	१४	६	८	२	४
१४.	टाइपिष्ट प्रथम	२	५	-३	०	५
१५.	सहायक कम्प्युटर अपरेटर	२०	१४	६	९	५
१६.	लेखापरीक्षण निरीक्षक	१६	१५	१	३	१२
१७.	काउण्टर सहायक	१	१	०	१	०
१८.	जुनियर मेकानिक्स	१	१	०	०	१
१९.	जुनियर इलेक्ट्रिसियन	१	१	०	०	१
२०.	सवारी चालक	३०	१०	२०	०	१०
२१.	हेभी सवारी चालक	२	०	२	०	०
२२.	कार्यालय सहयोगी	३०	१०	२०	१	९
		६१४	**४७८**	**१३६**	**७७**	**४०१**

नयाँ नियुक्ति भएका कर्मचारीहरुको विवरण
२०७५।७६

क्र.सं.	कर्मचारीको नाम, थर	पद	नियुक्ति मिति	कैफियत
१.	श्री श्रीकुमार राई	नायब महालेखापरीक्षक	२०७५/१२/११	नयाँ नियुक्ति
२.	श्री बुद्धिराज बसेल	निर्देशक	२०७५/४/७	नयाँ नियुक्ति
३.	श्री लोकनाथ घिमिरे	निर्देशक	२०७६/२/१	आन्तरिक प्रतिस्पर्धाबाट
४.	श्री अर्जुनकुमार चोधरी	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
५.	श्री विदुर सापकोटा	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
६.	श्री रविन ढकाल	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
७.	श्री नीलकण्ठ चापागाईं	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
८.	श्री मल्लिका श्रेष्ठ	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
९.	श्री राजिव बस्नेत	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
१०.	श्री सुशिला पौडेल	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
११.	श्री योगेश चौधरी	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
१२.	श्री जयप्रकाश ठाकुर	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
१३.	श्री डेनिस शाह	लेखापरीक्षण अधिकारी	२०७५/७/५	नयाँ नियुक्ति
१४.	श्री प्रविन कार्की क्षेत्री	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
१५.	श्री शिवजी खड्का	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
१६.	श्री सुनिल बस्नेत	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
१७.	श्री विवेक काफ्ले	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
१८.	श्री विनोद पाठक	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
१९.	श्री चिरन्जीवी वि.सी.	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२०.	श्री सिर्जना भण्डारी	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२१.	श्री बुद्धिमान घिमिरे	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२२.	श्री निरा काफ्ले	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२३.	श्री दिपकप्रसाद पन्थी	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२४.	श्री देवीलाल यादव	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२५.	श्री जीवनकुमार गौतम	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२६.	श्री विनोद खड्का	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२७.	श्री तुलाराम पोखरेल	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२८.	श्री बविता पोखरेल	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
२९.	श्री अनिताकुमारी थापा	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३०.	श्री भिमबहादुर तामाङ	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३१.	श्री डिलाराम खनाल	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३२.	श्री शम्भु गैरे	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३३.	श्री रस्मिता सिम्खडा	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३४.	श्री नारायण न्यौपाने	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३५.	श्री प्रकाश खनाल	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३६.	श्री शर्मिलाकुमारी बुढाथोकी	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३७.	श्री ताराबहादुर राई	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३८.	श्री मिना लामा	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
३९.	श्री गीता पन्थी	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४०.	श्री नवयुवककुमार जयसवाल	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४१.	श्री नविन अधिकारी	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४२.	श्री निमेश राई	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति

४३.	श्री शुक्रराज तामाङ	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४४.	श्री रीमबहादुर ठाडा	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४५.	श्री घनश्याम बसेल	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४६.	श्री ममता वि.क.	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४७.	श्री मनोहरप्रसाद गुप्ता	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४८.	श्री ललनप्रसाद यादव	लेखापरीक्षण अधिकारी	२०७६/३/१०	नयाँ नियुक्ति
४९.	श्री इन्द्रप्रसाद कोइराला	लेखापरीक्षण अधीक्षक	२०७५/६/७	नयाँ नियुक्ति
५०.	श्री हिमराज अर्याल	लेखापरीक्षण अधीक्षक	२०७५/६/७	नयाँ नियुक्ति
५१.	श्री जीवनप्रसाद गौतम	लेखापरीक्षण अधीक्षक	२०७५/६/७	नयाँ नियुक्ति
५२.	श्री ईश्वरदेव पन्त	लेखापरीक्षण अधीक्षक	२०७५/६/७	नयाँ नियुक्ति
५३.	श्री ललन साहकानु	लेखापरीक्षण अधीक्षक	२०७५/६/७	नयाँ नियुक्ति
५४.	श्री अमृत पौडेल	लेखापरीक्षण अधीक्षक	२०७६/३/१६	नयाँ नियुक्ति
५५.	श्री सुनिताकुमारी साउद	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
५६.	श्री विनोद रिजाल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
५७.	श्री ऋषिराम पोखेल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
५८.	श्री लोकमणि खनाल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
५९.	श्री भानुभक्त चापागाई	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६०.	श्री सरोज खत्री	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६१.	श्री भरत भट्टराई	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६२.	श्री पारस अधिकारी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६३.	श्री केशवराज जोशी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६४.	श्री सुरेश के.सी.	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६५.	श्री विष्णुप्रसाद उपाध्याय	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६६.	श्री जीवन के.सी.	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६७.	श्री लक्ष्मणकुमार आचार्य	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६८.	श्री सविन पंगेनी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
६९.	श्री होमबहादुर खत्री	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७०.	श्री दिपेन्द्र मरासिनी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७१.	श्री सरस्वती घिमिरे	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७२.	श्री पदमबहादुर रावल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७३.	श्री सन्जय बानियाँ	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७४.	श्री हिराराज गिरी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७५.	श्री नवराज ओझा	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७६.	श्री नवीन लुइटेल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७७.	श्री दुर्गाप्रसाद आचार्य	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७८.	श्री प्रकाश कटुवाल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
७९.	श्री अन्जना खड्का	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८०.	श्री प्रमोद राई	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८१.	श्री दुर्गबहादुर ओली	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८२.	श्री अञ्जना राई	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८३.	श्री गुणबहादुर भुजेल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८४.	श्री विनिता ज्ञवाली	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८५.	श्री नरेन्द्रकुमार श्रेष्ठ	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८६.	श्री जयबहादुर खत्री	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८७.	श्री विशाल नेपाली	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८८.	श्री सरला ढकाल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
८९.	श्री प्रमिला पोखरेल	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९०.	श्री तिर्सना गोदार	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९१.	श्री मनिषा कुमारी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९२.	श्री अमिन्द्र सिंह	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति

९३.	श्री ब्रह्माप्रसाद यादव	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९४.	श्री अजय पजियार	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९५.	श्री रविकुमार दास	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९६.	श्री रजेश अधिकारी	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९७.	श्री विष्णुमाया लिम्बु	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९८.	श्री हेमन्तबहादुर मगर	लेखापरीक्षण अधीक्षक	२०७६/३/२९	नयाँ नियुक्ति
९९.	श्री बुद्धप्रकाश खरेल	लेखापरीक्षण निरीक्षक	२०७५/६/११	वैकल्पिक सिफारिस

तालिका - ३

बढुवा भएका कर्मचारीहरुको विवरण

२०७५।७६

सि.नं.	पद	नाम, थर	बढुवा मिति
१	उप-महालेखापरीक्षक	श्री राममाया कुँवर	२०७५/४/२३
२	नायब महालेखापरीक्षक	श्री अशोककुमार कार्की	२०७६/१/२
३	नायब महालेखापरीक्षक	श्री वैकुण्ठबहादुर अधिकारी	२०७६/१/३
४	निर्देशक	श्री शिवप्रसाद आचार्य	२०७६/१/२
५	निर्देशक	श्री जगन्नाथ घिमिरे	२०७६/१/२
६	निर्देशक	श्री पदमबहादुर बस्नेत	२०७६/१/३
७	निर्देशक	श्री भूमिराज आचार्य	२०७६/१/३
८	लेखापरीक्षण अधीक्षक	श्री नन्दप्रसाद पाण्डे	२०७६/३/११
९	लेखापरीक्षण निरीक्षक	श्री केशवप्रसाद धिताल	२०७६/३/१

तालिका - ४

सेवा निवृत्त हुनुभएका कर्मचारीहरुको विवरण

२०७५।७६

सि.नं.	पद	नाम, थर	अवकाश मिति	कैफियत
१	उप-महालेखापरीक्षक	श्री मोहदत्त तिमिल्सिना	२०७५/४/६	अनिवार्य अवकाश
२	नायब महालेखापरीक्षक	श्री विश्वनाथ रेग्मी	२०७५/४/२८	राजीनामा
३	निर्देशक	श्री रामबहादुर कटुवाल	२०७५/५/२४	अनिवार्य अवकाश
४	निर्देशक	श्री कृष्णप्रसाद शर्मा	२०७६/१/१	अनिवार्य अवकाश
५	निर्देशक	श्री रामकृष्ण अधिकारी	२०७६/२/२	अनिवार्य अवकाश
६	लेखापरीक्षण अधिकारी	श्री श्यामबहादुर कस्ती	२०७५/६/९	अनिवार्य अवकाश
७	लेखापरीक्षण अधिकारी	श्री रत्नकुमार श्रेष्ठ	२०७५/११/२३	राजीनामा
८	लेखापरीक्षण अधिकारी	श्री राजनकुमार घिमिरे	२०७६/२/२	अनिवार्य अवकाश
९	लेखापरीक्षण अधिकारी	श्री बद्रीबहादुर खड्का	२०७६/२/२२	अनिवार्य अवकाश
१०	लेखापरीक्षण अधिकारी	श्री हरिबाबु थापा	२०७६/३/२९	अनिवार्य अवकाश
११	शाखा अधिकृत	श्री राजु खड्का	२०७५/६/६	अनिवार्य अवकाश
१२	लेखापरीक्षण अधीक्षक	श्री लिलानाथ तिमिल्सिना	२०७६/१/४	अनिवार्य अवकाश
१३	हलुका सवारीचालक	श्री केदार गिरी	२०७६/१/१	अनिवार्य अवकाश
१४	हलुका सवारीचालक	श्री रामचन्द्र श्रेष्ठ	२०७६/२/२९	अनिवार्य अवकाश
१५	कार्यालय सहयोगी	श्री सुरेश महर्जन	२०७५/४/१५	अनिवार्य अवकाश

तालिका - ५

सरुवा भई आएका/गएका कर्मचारीहरुको विवरण
२०७५।७६

सरुवा भई आएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम, थर	रमाना भई आएको मिति
१	उपसचिव (कानुन)	श्री उपेन्द्रकेशर खनाल	२०७५/११/५
२	सहायक कम्प्युटर अपरेटर	श्री नगिना भण्डारी	२०७५/४/२
३	सहायक कम्प्युटर अपरेटर	श्री शान्ती दाहाल	२०७५/४/१८
४	सहायक कम्प्युटर अपरेटर	श्री हर्कमान गर्भुजा	२०७५/४/२२
५	सहायक कम्प्युटर अपरेटर	श्री हरि अधिकारी	२०७५/७/१४
६	सहायक कम्प्युटर अपरेटर	श्री रामबहादुर विष्ट	२०७५/८/६
७	सहायक कम्प्युटर अपरेटर	श्री अस्मिता तामाङ्ग	२०७५/८/१३
८	सहायक कम्प्युटर अपरेटर	श्री सुप्रिया लामा बन्जन	२०७६/३/२९
९	सहायक कम्प्युटर अपरेटर	श्री सुनिता तामाङ्ग	२०७६/३/२९

रमाना भई गएका कर्मचारीहरु

क्र.सं.	पद	कर्मचारीको नाम, थर	रमाना मिति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री मोहन खनाल	२०७६/२/१४	रा.प. द्वितीय सरकारी वकिलतर्फ सिफारिस
२	लेखापरीक्षण अधीक्षक	श्री विमल पौडेल	२०७५/७/४	रा.प. तृतीय शाखा अधिकृत पदमा सिफारिस
३	लेखापरीक्षण अधीक्षक	श्री कोपिला पौडेल	२०७५/७/४	रा.प. तृतीय शाखा अधिकृत पदमा सिफारिस
४	लेखापरीक्षण अधीक्षक	श्री शिव कोइराला	२०७५/७/४	रा.प. तृतीय शाखा अधिकृत पदमा सिफारिस
५	लेखापरीक्षण अधीक्षक	श्री जयप्रसाद गौतम	२०७५/७/४	रा.प. तृतीय शाखा अधिकृत पदमा सिफारिस
६	लेखापरीक्षण अधीक्षक	श्री मेघनाथ गौतम	२०७५/७/४	रा.प. तृतीय शाखा अधिकृत पदमा सिफारिस
७	लेखापरीक्षण अधीक्षक	श्री शिला खनाल	२०७५/७/४	रा.प. तृतीय शाखा अधिकृत पदमा सिफारिस
८	लेखापरीक्षण निरीक्षक	श्री सुमन श्रेष्ठ	२०७५/५/७	नायब सुब्बा पदमा सिफारिस
९	सहायक कम्प्युटर अपरेटर	श्री कोमल गुप्ता	२०७५/७/८	कम्प्युटर अपरेटर पदमा सिफारिस
१०	सहायक कम्प्युटर अपरेटर	श्री रवी लामा	२०७५/७/९	कम्प्युटर अपरेटर पदमा सिफारिस
११	जुनियर मेकानिक्स	श्री पारस ठाकुर	२०७५/६/११	मेकानिकल सुपरभाइजर पदमा सिफारिस
१२	हलुका सवारीचालक	श्री शरदकुमार महत	२०७५/४/२१	सरुवा
१३	कार्यालय सहयोगी	श्री मिनबहादुर लोहनी	२०७५/५/१	सरुवा
१४	कार्यालय सहयोगी	श्री राजु मारिपा श्रेष्ठ	२०७५/५/१	सरुवा

म.ले.प.फा.नं. १७

महालेखा परीक्षकको कार्यालय

आर्थिक वर्ष २०७५।७६ को वार्षिक आर्थिक विवरण

बजेट अनुदान वा उप–शीर्षक नम्बर:

बजेट शीर्षक वा उप–शीर्षकको नाम: २०८०११३ (चालु)

खर्च संकेत नम्बर	खर्च शीर्षक	शुरु विनियोजित बजेट	पुरक बजेटबाट		रकमान्तरबाट		अन्तिम बजेट	निकासा	खर्च	बांकी		कैफियत
			थप	घट	थप	घट				निकासा	बजेट	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
२११११	तलब	२०७,६००,०००.००				-	२०७,६००,०००.००	१८६,८१२,३१५.२९	१८६,८१२,३१५.२९	-	२०,७८७,६८४.७१	
२१११३	महंगी भत्ता	९,३६०,०००.००			२४०,०००.००	११,६७३.००	९,५८८,३२७.००	९,५८८,३२७.००	९,५८८,३२७.००	-	-	
२१११९	अन्य भत्ता	१,०००,०००.००			३,४८२,०००.००		४,४८२,०००.००	४,१४७,१०१.६०	४,१४७,१०१.६०	-	३३४,८९८.४०	
२११२१	पोशाक	४,०१०,०००.००					४,०१०,०००.००	४,०१०,०००.००	४,०१०,०००.००	-	-	
२२१११	पानी तथा बिजुली	२,९००,०००.००			१,४००,०००.००		४,३००,०००.००	२,८७७,६६५.००	२,८७७,६६५.००	-	१,४२२,३३५.००	
२२११२	संचार महसुल	१,५००,०००.००			७००,०००.००		२,२००,०००.००	१,८४८,०४४.००	१,८४८,०४४.००	-	३५१,९५६.००	
२२१२१	घर भाडा	१७,४००,०००.००			४,४००,०००.००		२१,८००,०००.००	१४,४३०,७८५.००	१४,४३०,७८५.००	-	७,३६९,२१५.००	
२२१२२	अन्य भाडा	२,६००,०००.००			११७,०००.००		२,७१७,०००.००	२,४५२,२३३.००	२,४५२,२३३.००	-	२६४,७६७.००	
२२२११	इनधन	३,५००,०००.००			१,५७५,०००.००		५,०७५,०००.००	४,९०२,५९३.००	४,९०२,५९३.००	-	१७२,४०७.००	
२२२१२	संचालन तथा मर्मत संभार	५,६००,०००.००			१,९६७,०००.००	-	७,५६७,०००.००	५,२२०,७७१.००	५,२२०,७७१.००	-	२,३४६,२२९.००	
२२२१३	बिमा	९००,०००.००			११७,०००.००		१,०१७,०००.००	६००,३३६.००	६००,३३६.००	-	४१६,६६४.००	
२२३११	कार्यालय सम्बन्धी खर्च	११,७००,०००.००			११,४६७,०००.००		२३,१६७,०००.००	१२,२०५,८०५.००	१२,२०५,८०५.००	-	१०,९६१,१९५.००	
२२३१४	इन्धन – अन्य प्रयोजन	४००,०००.००			११७,०००.००		५१७,०००.००	१३३,९३३.००	१३३,९३३.००	-	३८३,०६७.००	
२२३२१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	१,४००,०००.००			६३३,०००.००		२,०३३,०००.००	१,१२५,०७६.००	१,१२५,०७६.००	-	९०७,९२४.००	
२२४११	सेवा र परामर्श खर्च	२२,१००,०००.००			२५०,०००.००	९,८७५,०००.००	१२,४७५,०००.००	८,७२९,६३७.००	८,७२९,६३७.००	-	३,७४५,३६३.००	
२२४१२	अन्य सेवा शुल्क	५,७००,०००.००			२,१४८,०००.००		७,८४८,०००.००	५,१०९,१२१.००	५,१०९,१२१.००	-	२,७३८,८७९.००	
२२५११	कर्मचारी तालिम	१,५००,०००.००					१,५००,०००.००	१,३०९,२४५.००	१,३०९,२४५.००		१९०,७५५.००	
२२५२२	कार्यक्रम खर्च	८,१००,०००.००					८,१००,०००.००	३,७८७,१५३.००	३,७८७,१५३.००		४,३१२,८४७.००	
२२६११	अनुगमन, मूल्यांकन खर्च	५६,०००,०००.००			२७,३५८,०००.००		८३,३५८,०००.००	६४,५८३,५०६.००	६४,५८३,५०६.००		१८,७७४,४९४.००	
२२७११	विविध खर्च	४,३००,०००.००			७,७३४,०००.००		१२,०३४,०००.००	७,०९५,५०७.००	७,०९५,५०७.००		४,९३८,४९३.००	
२२९११	भैपरि आउने चालु खर्च	९०,०००,०००.००				५०,१०८,०००.००	३९,८९२,०००.००	-	-		३९,८९२,०००.००	
२६२११	अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग	३००,०००.००					३००,०००.००	१४१,९३२.००	१४१,९३२.००		१५८,०६८.००	
	जम्मा:	४५७,८७०,०००.००	-	-	६३,७०५,०००.००	५९,९९४,६७३.००	४६१,५८०,३२७.००	३४१,१११,०८५.८९	३४१,१११,०८५.८९	-	१२०,४६९,२४१.११	-
अर्थ मन्त्रालय विविध (अर्थ बजेट)												
२७३१२	उपदान	-			-	-		-	-			
२११११	संचित बिदा	-			-		११,२१२,५४०.००	११,२१२,५४०.००	११,२१२,५४०.००			
२७३१४	औषधि उपचार						९,२८१,०२४.९३	९,२८१,०२४.९३	९,२८१,०२४.९३			
२६४१२	औषधि उपचार	-			-			-	-			
	अर्थ बजेटको जम्मा:–	-			-	-	२०,४९३,५६४.९३	२०,४९३,५६४.९३	२०,४९३,५६४.९३	-	-	-
	कुल जम्मा	४५७,८७०,०००.००		-	६३,७०५,०००.००	५९,९९४,६७३.००	४८२,०७३,८९१.९३	३६१,६०४,६५०.८२	३६१,६०४,६५०.८२	-	१२०,४६९,२४१.११	-

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगाना – नेपाल राष्ट्र बैंक, थापाथली

२. बैंक खाता नम्बर – १२०१२००००१००३५२४ (को.ले.नि.का)

३. बैंक अनुसार बांकी रु. छैन

४. फछ्र्यौट हुन बांकी पेस्की रु.:१६१०७५३.००

५. नगद मौज्दात रु. छैन

६. जम्मा वा भुक्तानी हुन बांकी चेकको रकम रु. छैन

क. गत आ.व.सम्मको रु. -

ख. यस आ.व. को रु. १,६१०,७५३.००

जम्मा: रु. १,६१०,७५३.००

म्याद नाघेको पेस्की रु. -

म्याद ननाघेको पेस्की रु. १,६१०,७५३.००

को.ले.नि.का काठमाडौंबाट निकासा भीडान भयो।

तयार गर्ने:
हस्ताक्षर :
नाम : (पुस्तकालय पोर्डेल)
दर्जा: ले.प. अधिकारी
मिति : २०७६।४।९

प्रमुख कोष नियन्त्रक

स्वीकृत गर्ने:
हस्ताक्षर:
नाम :
दर्जा:
मिति :

तालिका - ६

म.ले.प.फा.नं. १७

महालेखापरीक्षकको कार्यालय

वार्षिक वर्ष २०७५/७६ को वार्षिक खर्चको विवरण

बजेट अनुदान वा उप–शीर्षक नम्बर:

बजेट शीर्षक वा उप–शीर्षकको नाम: २०८००१३ (चालु)

खर्च संकेत नम्बर	खर्च शीर्षक	शुरु विनियोजित बजेट	पुरक बजेटबाट		रकमान्तरबाट		अन्तिम बजेट	निकासा	खर्च	बाँकी		कैफियत
			थप	घट	थप	घट				निकासा	बजेट	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३
२११११	तलब	८००,०००.००			२५,०००.००	-	८२५,०००.००	८२३,४७६.००	८२३,४७६.००	-	१,५२४.००	
२११११३	महंगी भत्ता	१००,०००.००					१००,०००.००	२४,०००.००	२४,०००.००	-	७६,०००.००	
२११२१	पोशाक	१००,०००.००				३१,०००.००	६९,०००.००	१०,०००.००	१०,०००.००	-	५९,०००.००	
२२११२	संचार महसुल	१००,०००.००					१००,०००.००	१७,०००.००	१७,०००.००	-	८३,०००.००	
२२२११	इनधन	२००,०००.००					२००,०००.००	१८८,७६०.००	१८८,७६०.००	-	११,२४०.००	
२२२१२	संचालन तथा मर्मत संभार	२००,०००.००			६,०००.००		२०६,०००.००	२०१,५००.००	२०१,५००.००	-	४,५००.००	
२२३११	कार्यालय सम्बन्धी खर्च	१००,०००.००					१००,०००.००	३९,८३७.००	३९,८३७.००	-	६०,१६३.००	
२२६११	अनुगमन, मूल्यांकन खर्च	३००,०००.००					३००,०००.००	२९४,२३०.००	२९४,२३०.००	-	५,७७०.००	
२२७११	विविध खर्च	५००,०००.००					५००,०००.००	४९०,६६२.००	४९०,६६२.००	-	९,३३८.००	
	जम्मा:	२,४००,०००.००		-	३१,०००.००	३१,०००.००	२,४००,०००.००	२,०८९,४६५.००	२,०८९,४६५.००	-	३१०,५३५.००	-

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगाना – **नेपाल राष्ट्र बैंक, थापाथली**

२. बैंक खाता नम्बर – १२०१२०००१०००५२४ (को.ले.नि.का)

३. बैंक अनुसार बांकी रु. **शून्य**

४. फछ्यौंट हुन बांकी पेस्की रु.:

५. नगद मौज्दात रु. **शून्य**

क. गत आ.व.सम्मको रु. -

६. जम्मा वा भुक्तानी हुन बांकी चेकको रकम रु. **शून्य**

ख. यस आ.व. को रु. १५,०००.००

जम्मा: रु. १५,०००.००

स्याद नाघेको पेस्की रु.

स्याद ननाघेको पेस्की रु.

तयार गर्ने:
हस्ताक्षर :
नाम : (पुनसाका) हिडल्ल
दर्जा: ले.प. अधिकृत
मिति : २०७६।४।९

को.ले.नि.का. काठमाडौंबाट
निकासा भीडान भयो।
४।४।१९

सिफारिस गर्ने:
हस्ताक्षर:
नाम :
दर्जा:
मिति :

स्वीकृत गर्ने:
हस्ताक्षर:
नाम :
दर्जा:
मिति :

म.ले.प.फा.नं. १७

महालेखा परीक्षकको कार्यालय
आर्थिक वर्ष २०७५।७६ को वार्षिक आर्थिक विवरण

बजेट अनुदान वा उप-शीर्षक नम्बर:
बजेट शीर्षक वा उप-शीर्षकको नाम: २०८०११४ (प्रतिगत)

खर्च संकेत नम्बर	खर्च शीर्षक	दातृ	स्रोत	वार्षिक बजेट			रकमान्तरबाट		खुद बजेट	नेपाल निकासा २०१६	खर्च	बांकी		कैफियत
				प्रारम्भिक	थप	घट	थप	घट				निकाशा	बजेट	
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
२९२२१	भवन निर्माण	नेपाल सरकार	नगद	३००,९००,०००.००				१००,०००,०००.००	२००,९००,०००.००	-	-	-	-	
२९३११	फर्निचर तथा फिक्चर्स	नेपाल सरकार	नगद	१,५००,०००.००			६,६००,०००.००		८,१००,०००.००	१,४९२,३१८.००	१,४९२,३१८.००	-	६,६०७,६८२.००	
२९४११	सवारी साधन	नेपाल सरकार	नगद	-			३१,२७०,०००.००		३१,२७०,०००.००	२६,२४०,२८१.००	२६,२४०,२८१.००	-	५,०२९,७१९.००	
२९५११	मेशिनरी औजार	नेपाल सरकार	नगद	२,३००,०००.००			२,१००,०००.००		४,४००,०००.००	१,५७६,५३०.००	१,५७६,५३०.००	-	२,८२३,४७०.००	
२९७११	पुंजीगत अनुसन्धान खर्च	नेपाल सरकार	नगद	१,८००,०००.००					१,८००,०००.००	-	-	-	१,८००,०००.००	
२९८११	भैपरी आउने पूंजीगत खर्च	नेपाल सरकार	नगद	४०,०००,०००.००				३९,९७०,०००.००	३०,०००.००	-	-	-	३०,०००.००	
	जम्मा:			३४६,५००,०००.००			३९,९७०,०००.००	१३९,९७०,०००.००	२४६,५००,०००.००	२९,३०९,१२९.००	२९,३०९,१२९.००	-	१६,२९०,८७१.००	-

मौज्दातको अवस्था

१. बैंकको नाम र ठेगाना – नेपाल राष्ट्र बैंक, थापाथली
२. बैंक खाता नम्बर – १२०१२००००१००३५२४ (को.ले.नि.का)
३. बैंक अनुसार बांकी रु. छैन
४. फछ्र्यौट हुन बांकी पेस्की रु.: -
५. नगद मौज्दात रु. छैन
क. गत आ.व.सम्मको रु. -
ख. यस आ.व. को रु. -
६. जम्मा वा भुक्तानी हुन बांकी चेकको रकम रु. छैन
जम्मा: रु. -
म्याद नाघेको पेस्की रु. -
म्याद ननाघेको पेस्की रु.

तयार गर्ने:
हस्ताक्षर :
नाम : (सुनिमाला पौडेल)
दर्जा: ले.प. अधिकारी
मिति : २०७६।४।९

सिफारिस गर्ने:
हस्ताक्षर:
नाम :
दर्जा:
मिति :

को.ले.नि.का काठमाडौंबाट निकासा भीडान भयो ।
०७६।४।२९

स्वीकृत गर्ने:
हस्ताक्षर:
नाम :
दर्जा:
मिति :

प्रमुख कोष नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय
कार्यालय, बबरमहल
काठमाडौं

तालिका - ८

printed on: '2019/08/09'
अनुसूची ४४
म.ले.प.फा. नं. १९

नेपाल सरकार
महालेखा परीक्षकको कार्यालय
महालेखा परीक्षकको कार्यालय,बबरमहल[208003501]

राजस्वको वार्षिक आर्थिक विवरण

आ.व. २०७५/७६

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

सि.नं.	राजस्व शीर्षक	राजस्वको विवरण	राजस्व आम्दानी	सञ्चित कोष दाखिला	बाँकी नगद	गत आ.व.को नगद मौज्दात दाखिला	कैफियत
		साबिक तर्फ					
		साबिक तर्फको जम्मा					
		हालतर्फ					
१	१४२१३	अन्यविक्रीबाट प्राप्त रकम	४४४८	४४४८			
२	१४२२४	परीक्षाशुल्क	१२००	१२००			
३	१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	९३०००	९३०००			
४	१४५२९	अन्यराजस्व	३०००००	३०००००			
५	१५१११	बेरूजू	१३९९०८.७८	१३९९०८.७८			
		हालतर्फको जम्मा	५३८५५६.७८	५३८५५६.७८			
		कुल जम्मा	५३८५५६.७८	५३८५५६.७८			

पेश गर्नेको सहि:
नाम , थर :
दर्जा : से.प.अधिकृत
मिति : २०७८/४/१७

कार्यालय प्रमुख को सहि :
नाम , थर :
दर्जा :
मिति :

आ. व. ०७४/७५ को राजस्व मिडान भयो।

प्रमुख लेखा नियन्त्रक

1/1

म.ले.प.फा.नं. १९४

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

धरौटीको आर्थिक विवरण
आ.व. २०७५।७६

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

१. **आम्दानी**			
१.१	गत आर्थिक वर्षसम्मको जिम्मेवारी सारेको		१,३६०,७२६.१९
१.२	चालू आर्थिक वर्षको		१,९६०,२०८.००
		जम्मा:	३,३२०,९३४.१९
२. **खर्च**			
२.१	सदरस्याहा		-
२.२	फिर्ता		५९८,३६३.००
		जम्मा:	५९८,३६३.००
३. **सेस्ता अनुसार बाँकी**			२,७२२,५७१.१९
३.१	नगद		
३.२	बैंकमा		
४. **बैंक अनुसार बाँकी**			२,७२२,५७१.१९
५. **फरक रकम (३–४)**			-

६. **फरक पर्नाको कारण:**

७. **धरौटी खाता नं.: १२०१२०००००१००२५२४ (को.ले.नि.का)**

८ **खाता रहेको बैंक: नेपाल राष्ट्र बैंक, थापाथली, काठमाडौं** २,७२२,५७१.१९

तयार गर्ने:	सिफारिस गर्ने:	स्वीकृत गर्ने:
हस्ताक्षर:	हस्ताक्षर:	हस्ताक्षर:
नाम :	नाम :	नाम :
दर्जा:	दर्जा:	दर्जा:
मिति :	मिति :	मिति :

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय तथा लेखा नियन्त्रक कार्यालय बबरमहल, काठमाडौं

को.ले.नि.का. काठमाडौंबाट निकासा भीडान भयो।

महालेखापरीक्षकको कार्यालयको

अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानुनले तोकेबमोजिम सबै सरकारी निकायहरुको लेखापरीक्षण यस कार्यालयबाट हुने व्यवस्था छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोगमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका सम्बन्धमा जानकारी भएमा नागरिक समाज, सामुदायिक संघ संस्था, सरोकारवाला र सर्वसाधारणबाट लेखापरीक्षण टोली/सुपरिवेक्षक वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, गुनासो एवं सूचना भएमा देहायको ठेगानामा जानकारी गराई लेखापरीक्षणलाई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय बनाउने कार्यमा सहयोग पुऱ्याउन सम्बद्ध सबैमा हार्दिक अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं

- पोष्ट बक्स नं. १३३२८,
- प्याक्स नं. ०१–४२६२७९८, ४२६८३०९
- फोन नं. ०१–४२६२३८२, ४२६२९५८, ४२३५२७०
- इमेलः oagnep@ntc.net.np, info@oagnep.gov.np
- वेभसाइटः www.oagnep.gov.np
- कार्यालयको उजुरी पेटिका
- लेखापरीक्षण टोली वा सुपरिवेक्षक

१६१८०१४२५३२७० डायल गरी महालेखापरीक्षकको कार्यालयको जरुरी सूचनाबारे जानकारी लिन सकिनेछ ।